अन्तिम लेखापरीक्षण प्रतिवेदन

नागार्जुन नगरपालिका, काठमाडौं

आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९
च.नं २०९

मितिः २०७८।५।४

श्री नगर प्रमुखज्यू,
नागार्जुन नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
काठमाडौ ।

विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पु¥याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश [illegible] महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः२०७८।७९
च.नं २६८

मितिः २०७८।५।४

श्री नगर प्रमूखज्यू,
नागार्जुन नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, काठमाण्डौ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको रायः हामीले नागार्जुन नगरपालिकाको २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय–व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय विवरण तयार गरेको भए तापनि समग्र आर्थिक कारोबारलाई समेट्न सकेको छैन ।

२. लेखापरीक्षणबाट रु.२ करोड ९३ लाख ७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२१ लाख ८८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ५६ लाख ९१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७२ लाख ४९ हजार र पेश्की रु.४१ लाख ७९ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७८।३।३१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना ३१ (एकतीस।) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायीअधिकारीको जिम्मेवारी :- आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । कार्यकारिणी, पालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :- वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायब महालेखापरीक्षक

लेखापरीक्षणको अन्तिम प्रतिवेदन

परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले संघिय संरचना अनुसार नेपाल सरकारको मिति २०७३ साल फाल्गुण २७ गतेको निर्णयले नागार्जुन नगरपालिका नगर कार्यपालिकाको गठन भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उद्देश्य हो । ३ नं. प्रदेशमा अवस्थित यस नगरपालिका अन्तर्गत १० वडा, ५५ सभा सदस्य रहेका छन् । ३९.८ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको यस नगरपालिकाको जनसंख्या ६७,४२० रहेको छ ।

स्थानीय सञ्चित कोष :- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७६/७७ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

वरण	टिप्पणी	यसवर्ष रु.			
		बजेट	आफैलेगरेको प्राप्ति/भुक्तानी	सोझैभुक्तानी	जम्मा
प्राप्ती (क+ख)		**१,४४,३१,९८,६४०.३५**	**९६,५७,३७,१२८.६५**		**९६,५७,३७,१२८.६५**
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		१,१८,९६,९९,७३२.९६	७५,०३,७४,४२२.७९	०	७५,०३,७४,४२२.७९
११००० कर	११	३९,५१,८०,०००	२९,३१,५९,१९४.५५	०	२९,३१,५९,१९४.५५
१३००० अनुदान		५३,५४,४२,१७६	४१,८१,३८,९२३.४७	०	४१,८१,३८,९२३.४७
संघीय सरकार	१२	४१,७५,९०,८७०	३७,१९,७०,०३२.९७	०	३७,१९,७०,०३२.९७
प्रदेश सरकार	१२	४,७२,५१,३०६	४,३१,६६,३१६	०	४,३१,६६,३१६
अन्तरिक श्रोत	१२	४,०६,००,०००	०	०	०
स्थानीय तह	१२	१,००,००,०००	०	०	०
जनसहभागिता		२,००,००,०००	३०,०२,५७४.५०	०	३०,०२,५७४.५०
१४००० अन्य राजस्व		२५,९०,७७,५५६.९६	३,९०,७६,३०४.७७	०	३,९०,७६,३०४.७७
ख. अन्य प्राप्ति		**२५,३४,९८,९०७.३९**	**२१,५३,६२,७०५.८६**		**२१,५३,६२,७०५.८६**
वितरण गर्न बाकी राजस्व		०	०	०	०
कोषहरु		७,७६,७१,९०७.३९	११,७६,३९,४५१.८६	०	११,७६,३९,४५१.८६
धरौटी		०	८०,३५,३०३	०	८०,३५,३०३
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		१७,५८,२७,०००	८,९६,८७,९५१	०	८,९६,८७,९५१
भुक्तानी (ग+घ)		**१,५२,९९,६९,१२८.३९**	**९६,०७,६१,४८९.६७**	**०**	**९६,०७,६१,४८९.६७**
ग. भुक्तानी (सञ्चित कोषबाट)		१,२७,६४,७०,२२१	७६,७३,३१,१९३.२३	०	७६,७३,३१,१९३.२३
२१००० पारिश्रमिक / सुविधा	१८	६,७६,६४,३३४	६,५८,९०,००९.०५	०	६,५८,९०,००९.०५
२२००० मालसामान तथा सेवाको उपयोग	१८	३२,७५,८७,१०९	२८,५२,९९,१८४.१८	०	२८,५२,९९,१८४.१८
२५००० सहायता (Subsidy)	१८	१,१९,१०,०००	६६,२०,२६८	०	६६,२०,२६८
२६००० अनुदान	१८	१४,००,०००	१४,००,०००	०	१४,००,०००
२७००० सामाजिक सुरक्षा	१८	५७,९०,९२७	४४,८८,५४८	०	४४,८८,५४८
२८००० अन्य खर्च	१८	४०,७९,०००	३५,०५,१७०	०	३५,०५,१७०
३१००० गैर वित्तीय सम्पत्ती/पूँजीगत खर्च	१८	८५,८०,३८,८५१	४०,०१,२८,०१४	०	४०,०१,२८,०१४
घ. अन्य भुक्तानी		**२५,३४,९८,९०७.३९**	**१९,३४,३०,२९६.४४**		**१९,३४,३०,२९६.४४**
कोषहरु		७,७६,७१,९०७.३९	९,८७,६४,९०२.४३	०	९,८७,६४,९०२.४३
धरौटी		०	५४,३८,५८४.७७	०	५४,३८,५८४.७७
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		१७,५८,२७,०००	८,९६,८७,९५१	०	८,९६,८७,९५१
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			(४,६१,१४१.७६)		(४,६१,१४१.७६)
ङ. यो वर्षको बचत (न्युन)		**(८,६७,७०,४८८.०४)**	**४९,७५,६३८.९८**	**०**	**४९,७५,६३८.९८**
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			१५,७३,३४,९९९.१२		१५,७३,३४,९९९.१२
वर्षान्तको बाकी रकम (ङ + च)		(८,६७,७०,४८८.०४)	१६,२३,१०,६३८.१०	०	१६,२३,१०,६३८.१०
बैंक तथा नगद बाकी	२४		१६,३९,०८,८८८.१०		१६,३९,०८,८८८.१०

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
१.	**वित्तीय विवरण**–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ६९ मा स्थानीय संचित कोषको व्यवस्था रहेको छ । अतः ऐनले तोके बमोजिमनगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ ।	
२.	**स्वीकृत ढाँचा**स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेतथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६.२.१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको छ । जस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन।	
२.१.	**जिम्मेवारी** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार वर्षको अन्त्यमा रु.९ करोड ७१ लाख ८२ हजार मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१५ करोड ७३ लाख ३४ हजार जिम्मेवारी सारी रु.६ करोड १ लाख ५२ हजार बढी जिम्मेवारी सारेको देखियो । बैक रिकन्सिलिएशन तयार गरी यथार्थ मौज्दात जिम्मेवारी सारी आर्थिक विवरण यथार्थपरक वनाउनु पर्ने देखिन्छ ।	
२.२.	**बैक हिसाब मिलानः** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा बैंक हिसाब मिलान विवरण तयार गरेको छ। सो अनुसार निम्नानुसार फरक पर्न गएको देखिन्छ .बैंक स्टेटमेन्ट जम्मा हुन बाँकीको विवरण पेश गरेको छैन । उक्त विवरण पेश हुनुपर्दछ ।	

श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	जम्मा हुन बाँकी	साट्न बाँकी	फरक कारण
१६३९०७८८८	१९५८३३०१९	०.००	०.००	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • नगरपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सोबमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।	

- जिन्सी व्यवस्थापन गर्न सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) सफ्टवयर लागु गर्नुपर्नेमा हाल सम्म पनि उक्त कार्य गरेको देखिएन ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।
- कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ अनुसार खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा पूर्णरुपमा पालना भएको पाईएन ।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।
- नगरपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक स्थायी प्राविधिक कर्मचारीको अभाव रहेको पाईयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।
- मन्त्रालयको मिति २०७३.१२.२५ को परिपत्र अनुसार यस नगरपालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।
- उपभोक्ता समितिलाई मु.अ. कर भुक्तानी दिदा कामको परिमाण र कर विजक भिडान गरी बास्तविक तिरेको रकम भन्दा बढी नहुने गरी भुक्तानी दिने व्यवस्था गरेको पाईएन ।

- कतिपय पुराना संरचना भत्काई नँया संरचना निर्माण गर्दा पुनः प्रयोग हुन सक्ने सामाग्रीको अभिलेख राखी पुन प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्ने वा सो को अन्य प्रयोजनमा उपयोग गर्ने व्यवस्था गरेको पाईएन ।
- निर्माण कार्यको विमा गर्दा त्रुटि सच्चाउने अवधि समेत गणना गरी विमा गराउनु पर्नेमा निर्माण अवधिको मात्र विमा गरेको छ ।

तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिई उपयुक्त विषयहरुमा सुधार गर्नुपर्ने देखिन्छ ।

बजेट तथा कार्यक्रम

४. **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुखले २०७६/३/१० मा नीति तथा कार्यक्रम र बजेट पेश भई रु.१ अर्व २७ करोड ३४ लाख ७० हजारको बजेट २०७६।३।१० पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले २०७६/४/१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५. **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र नगरपालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यसवर्ष नगर सभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा नगरपालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो परेको अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरुरी देखिएको छ ।

६. **वित्तीय प्रगतिको स्थितिः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका नगरस्तरीय तथा वडास्तरीय आयोजनाको उपर्युक्त नियमबमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । बजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्यलक्ष्य र समयवीच तादाम्यता मिलाई वित्तीय र भौतिक प्रगति समेत देखिने गरी प्रगति विवरण तयार गर्नुपर्दछ ।

७. **क्षेत्रगत वजेट** नगरपालिकाको क्षेत्रगत रुपमा कुल बजेट १ अर्व २७ करोड ६४ लाख ७० हजार र खर्च ७६ करोड ७४ लाख २२ हजार को आधारमा समग्र रुपमा ६०.१२ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।

क्षेत्र	बजेट	खर्च	खर्चप्रतिशत
आर्थिक विकास	१९७३५०००	१०३६९२८०.६४	१.३५
सामाजिक विकास	३६८७८३०६५.९८	२३६७४५०७३.१९	३०.८
पूर्वाधार विकास	५९६४३१८१२	२७३०८९७७२.८	३५.५९
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	७४३३२१४०.०२	५६०६४०५३	७.३१

कार्यालय सञ्चालन तथा प्रशासनिक	२१७१८८२०३	१९११५४७६३.६	२४.९१
कुलजम्मा	१२७६४७०२२१	७६७४२२९४३.२३	१००.

उपर्युक्त विवरण अनुसार नगर सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी पूर्वाधार विकासमा ३५ प्रतिशत, सामाजिक विकासमा ३०, कार्यालय संचालन तथा प्रशासनिकमा २४.९१ प्रतिशत र सस्थागत विकास तथा सुशासनमा ७.३१ प्रतिशत रहेको छ । आर्थिक विकासतर्फ १.३५ प्रतिशतमात्र खर्च रहेको देखियो । अतः आर्थिक विकास र सुशासनको क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो ।

८. **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि ३ बमोजिम चौमासिक प्रगति विवरण वनाई तालुक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहायबमोजिम छ । (रु हजार)

सि.नं.	खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)						अषाढमा खर्च	प्रतिशत
			प्रथम चौमासिक	प्रतिशत	दोस्रो चौमासिक	प्रतिशत	तेस्रो चौमासिक	प्रतिशत		
१	पूजिगत	४००१२८	९५६६६	२४	९८८६३	२५	२०५५९८	५१	१५६७८९	४०

प्रस्तुत विवरण अनुसार कार्यालयबाट तेस्रो चौमासिकमा ५१ प्रतिशत र आषाढ महिनामा मात्र ४० प्रतिशत खर्च भएको छ । तेस्रो चौमासिक तथा आषाढ महिनामा बढी खर्च गर्दा वित्तिय जोखिमका क्षेत्रहरु बढ्न सक्ने, अनुगमन र गुणस्तर नियन्त्रणमा कठीनाई हुने तथा कामको गुणस्तरमा समेत नकारात्मक प्रभाव पर्नसक्ने देखिएकाले यस्तो अवस्थामा सुधार गरी खर्च प्रणालीलाई तोकिएबमोजिम व्यवस्थित बनाउनु पर्दछ ।

९. **योजना छनौट र संचालनः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतीका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । नगरपालिकाको विनियोजन ऐन बमोजिम स्वीकृत भएका कुल २५४ योजनाहरुमध्ये १२३ वटा योजना रु.५ लाख भन्दा कम, १३१ वटा रु.५ लाख भन्दा माथीको बजेटमा संचालन भएको देखियो । नगरपालिकाले साना तथा टुक्रे योजना संचालन गरेकोले ऐनको दफा २४ अनुसार प्राथमिकिकरण गरेको पाइएन।नगरपालिकाले मध्यम तथा दिर्धकालिन योजना छनौट तथा प्राथमिकिकरण गरी सहभागितामूलक, उत्पादनमूलक, दीगो र प्रतिफल प्राप्त गर्ने गरी योजना संचालन हुनु पर्दछ ।

९.१. नगरपालिकाले आ.व.को अन्तमा ३१ योजनालाई रकमान्तरण गरी अन्य क्षेत्रमा खर्च लेखेको छ । यसरी बस्तुविष्ठ तवरले स्थानीय स्तरको बास्तविक विकासको लागि योजना संचालन गर्नुपर्नेमा यथार्थ तवरले योजना संचालन गरी योजनाको प्रभावकारी रुपले संचालन गर्नुपर्नदछ ।

९.२. चम्पादेवी टोल विकास उपभोक्ता समिति(सिलण्डोल कालोपत्रे बापत)भुक्तानी भएको रु ३३७०८८० सम्वन्धमा कालोपत्र गर्ने कार्यक्रम रहेकोमा वडा नं २ कार्यालयको २०७६.०२.२० पत्रानुसार टोलमा खानेपानी तथा ढल व्यवस्थापन गर्नुपर्ने भनी योजना संशोधन गरी गो भौ नं ५२/०७६.५.१५ बाट रु. ४८५७२८९.५८ को लागत अनुमान तयार गरी प्रथम रनिङ्ग बिलको आधारमा कन्टेन्जेसी समेत गरी रु. ३२६९७५४ खर्च लेखेको देखिन्छ ।

९.३. **योजना परिवर्तन** :-स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय सरकारले स्थानीयबासीको आवश्यकताको आधारमा दिर्धकालिन महत्वको विषयलाई यथार्थ र बस्तुनिष्ठताको आधारमा योजना तर्जुमा गरी संचालन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले योजना संचालन सम्वन्धमा विभिन्न वडाबाट चालू आ.व. २०७६/०७७ मा नगरस्तरीय योजनाहरुका विभिन्न शिर्षकहरुमा विनियोजित रकमबाट योजना कार्यान्वयन गर्दा ठेका प्रकृयामा कम लागतमा ठेक्काका

	लागि बचेको रकम, योजना कार्यान्वयन नभई वचत हुने रकम तथा आन्तरिक श्रोतको रकमबाट योजना संचालन गर्ने गरी उक्त अत्यावस्यक भनी संम्वन्धित वडाबाट सिफारिस भई आएका भनि आ.व. अन्त्यमा ३१ योजनाको रु.९ करोड ७३लाख ८० हजार बराबरको योजना परिवर्तन भएको छ । योजना छनौट गर्दा आवस्यकताको बस्तुनिष्ठ विश्लेषणको आधारमा छनौट गर्नुपर्दछ ।	
१०.	**लक्ष्य प्रगतिः** नगरपालिकाले यसवर्ष २५४ योजना संचालन गरेको प्रगति पेश गरेको छ सो मध्ये ३३ वटा योजना ठेक्काद्धारा र बाँकी २२१ योजना उपभोक्ता समिति मार्फत भएको देखिन्छ। नगरपालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरुको लागत अनुमान आर्थिक वर्षभित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन ।अतः छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजना र सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया पारदर्शी बनाउनु पर्दछ ।	
११.	**लागत सहभागिताः-** गाउँपालिकाले आयोजना/कार्यक्रम छनौटगर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भए पछि मात्र उपभोक्ता समिति सँग योजना सम्झौता गर्नुपर्ने व्यवस्था गरिएको छ । नगरपालिकाले उक्त व्यवस्था अनुसार विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्ने क्रममा नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिएको पाइएन । कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट विभिन्न २२१ वटा विकास निर्माण तथा पूर्वाधार योजनामा संचालन गरेको भएता पनि ती कुनै पनि आयोजनाका उपभोक्ता समितिबाट नगद सहभागिता व्यहोरेको पाइएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।	
१२.	**मर्मतसम्भारकोष** :-सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ।साथै नगरपालिकाले विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौताको शर्तमा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिको हुने —सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनु पर्दछ।	
१३.	**सेवा प्रवाहः** नगरपालिकाले यस वर्ष सम्पादन गरेको सेवा प्रवाहको स्थिती झल्कने गरी प्रगति विवरण तयार गरी पेश नगरेकोले सम्पादित सेवाको समग्र विवरण प्राप्त गर्न सकिएन।लेखापरीक्षणको क्रममा कार्यालयबाट प्राप्त जानकारी अनुसार यस वर्ष नगरपालिकाबाट निम्नानुसार सेवा प्रवाह भएको देखिन्छ ।	

क्र.स	विवरण	सख्या
१	नागरिकता सिफरिस	७३०
२	घरबाटो सिफारिस	२५१६
३	नाता प्रमाणित	२६०
४	जन्म तथा मृत्यु दर्ता	९११
५	अन्य	१८४६२
६	नक्सा पास तथा सिफारिस	५४०

	संगठन तथा कर्मचारी ब्यवस्थापन	
१४.	**कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी	

प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । नगरपालिकाले विभिन्न पदमा ३० जना कर्मचारीहरु करारमा राखेको देखिन्छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न इन्जिनियर, सब इन्जिनियर, स्वास्थ्य क्षेत्रका कर्मचारी लगायत महत्वपूर्ण पद र शाखामा स्थायी कर्मचारीबाट पदपूर्ति गरी कार्य गराउने एंव तोकीएको पदमा मात्र करारबाट सेवा लिने व्यवस्था गरिनुपर्दछ । नगरपालिकाले ३० जना करारमा कर्मचारी नियुक्ती गरी रु. २४ लाख २८ हजार खर्च लेखेको छ । दरवन्दी अनुसारको कर्मचारी पदपूर्ति गर्न प्रदेश लोक सेवा आयोगमा पठाई पदपूर्ति गर्ने एंव करारमा कर्मचारी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१५. **उपदान कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१.१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को दफा ९१.२ अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ प्रचलनमा आए पनि हालसम्म पनि १० जना कार्यरत स्थानीय स्थायी कर्मचारीको एकमुष्ट मासिक तलब भत्ता रु. ३१०१७८ को १० प्रतिशत रु.३१०१७ मासिक रुपमा कट्टी गरी अवकास कोषमा जम्मा गरेको देखिएन। विभिन्न पदमा कार्यरत १० कर्मचारीको उल्लेखित ऐन अनुसार २०७४ कार्तिक देखि २०७७ आषाढ सम्म ३२ महिनाको तलव भत्ता रु. ९९२५४४ कट्टी गरि अवकास कोषमा जम्मा गर्नुपर्ने देखिएको छ । स्थानीय सेवा ऐन तर्जुमा भैनसकेको, साविक स्थानीय तहबाट समायोजन भएका कर्मचारीहरुको सेवा शर्त सम्वन्धी स्पष्ट कानूनी व्यवस्था नभएइसकेको कारण कट्टी नगरेको नगरपालिकाले जनाएको छ ।

१५.१. नगरपालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा एकमुष्ट रु. २५०००००.०० ट्रान्सफर गरेको छ । कर्मचारीबाट कट्टा गरी अवकास कोषमा दाखिला गर्नुपर्ने रकम दाखिला गरेको छैन । १० जना उपदानमा जाने कर्मचारिको मासिक तलव भत्ता को १० प्रतिशतका दरले हुने रु.३७२२०४ मात्र ट्रान्सफर गर्नुपर्नेमा रु.२१२७७९६ बढी ट्रान्सफर गरेको छ ।

१६. **न्यायिक न्याय सम्पादनः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उप-प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ।

अ.ल्या	यस वर्ष थप	जम्मा	फछ्यौट संख्या	माथिल्लो निकायमा रिफर	मौज्दात
५	२५	३०	१२	०	१८

उपरोक्त विवरण अनुसार यस वर्ष दर्ता भएका २५ र गत वर्षको अ.ल्या ५ गरी जम्मा ३० विवादमध्ये वर्षभरि १२ वटा विवादफछ्र्यौट भई१८ बटा विवाद निरुपण हुन वांकी देखिएकोले समयमै निरुपण तथा फछ्र्यौट गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१७. **कानून निर्माणको स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीयतहहरुले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सो को अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट ४२ नमूना कानूनहरु बनाई उपलब्ध

	गराएकोमा लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार नगरपालिकाले हालसम्म ५ वटाऐन, ७ वटा नियमावली, ९ वटा कार्यविधि तथा निर्देशिका गरी जम्मा २१ वटा कानुन निर्माण गरी कार्यान्वयनमाल्याएको छ। उक्त कानूनहरु प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनु पर्दछ।	
१८.	**आन्तरिकलेखापरीक्षण**:-स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। नगरपालिकाले यस वर्षको अन्त्यमा एकमुष्ट रुपमा आन्तरिक लेखापरीक्षण गराएको छ। कानून बमोजिम आफ्नै आ.ले.प. शाखा गठन गरी चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ।	
१९.	**आर्थिक सहायता**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकम बाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । नगरपालिकाले यस वर्ष शैक्षिक क्षेत्र सहायतामा रु.३०९३६२१, स्वास्थ्य संस्थामा रु. २०७८४०५, धार्मिक संस्था लाई रु.६५०००० र सहकारी संस्थालाई निशर्त अनुदान रु. १४००००० गरी कुल रु. ७२२२०२६.००आर्थिक सहायता वितरण गरेको छ। आर्थिक सहायता सम्वन्धि कार्यविधि तर्जुमा गरी आर्थिक सहायता वितरण कार्यलाई पारदर्शि , मितव्ययी बनाउनुपर्दछ ।	
२०.	**विविध खर्च**:-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान र आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा मितव्ययी तवरले विविध खर्च गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले वित्तिय समानिकरण अनुदान, आन्तरिक श्रोत र राजश्व बाडफाँडबाट समेत गरी विविध शिर्षकमा रु.१ करोड १५ लाख ५२ हजार खर्चगरेको देखिएकोमा गलत पोष्टिङ्गको कारण वडा संचालन खर्च वापतको रु.४० लाख निर्माण सम्वन्धि कार्य र बाँकी ३० लाख अन्य निर्माण कार्यको भुक्तानी र बैठक भत्ताको भुक्तानी समेत यस शिर्षकबाट भएकोमा उक्त रकम बढी देखिएको कार्यालयले जनाएको छ । कार्यविधि तयार गरी यस प्रकारको खर्चको सिमा निर्धारण गरी मितव्ययी हुने गरी खर्च व्यवस्थापन गर्नुपर्दछ ।	
२१.	**जिन्सी व्यवस्थापनः** नगरपालिकाले आर्थिक कार्यविधि ऐन तथा नियमावली छुट्टै तयार गरी लागू गरेको छैन। जसको कारण जिन्सी व्यवस्थापन सम्वन्धि आर्थिक कार्यविधि नियमावली २०६४ को परिच्छेद-६ अनुसार सरकारी सम्पत्तिको जिम्मा त्यसको लगत संरक्षणर बर बुझारथ सम्बन्धी व्यवस्था र परिच्छेद-७मा लिलाम बिक्री सम्बन्धी व्यवस्था रहेको छ। यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन् ।	
२१.१.	नगरपालिकालले जिन्सीनिरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा वडा कार्यालयहरुमा रहेका सामाग्रीहरुको प्रयोग संरक्षणमा ध्यान दिनुपर्ने, लिलाम बिक्रि प्रकृयालाई यथाशिध्र संचालनमा ल्याउनुपर्ने, विद्युतिय सामाग्रीको मर्मत संम्भार गर्नुपर्ने जस्ता व्यहोरा उल्लेख छ । कार्यालयमा मौज्दात रहेका लिलाम गर्नुपर्ने, मिन्हा गर्नुपर्ने, मर्मत गर्नुपर्ने जिन्सी सामानको तोकिएको समयभित्र लिलाम विक्रि तथा मर्मत संभार गर्नुपर्ने एवम् कर्मचारि सरुवा हुदा जिन्सी फरफारक गरेरमात्र रमाना दिने कार्य गरी जिन्सी व्यवस्थापन प्रभावकारी बनाउनु पर्दछ ।	
२१.२.	जिन्सीको बार्षिक विवरण अनुसार निम्नानुसारका इलेक्ट्रोनिक सामान मौज्दात रहेको देखिन्छ । यस्ता सामानको खरिदमा मितव्ययीता अपनाउनुका साथै उचित संरक्षणको व्यवस्था गर्नुपर्दछ ।	

क्र.स.	विवरण	ब्रान्ड	थान
१.	ल्यापटप	लेनेभो, डेल लगायत विभिन्न ब्रान्ड	४३
२.	मोवाईल	आईफोन, सामसुङ्ग लगायत विभिन्न ब्रान्ड	४०
३.	मोटरसाईकल/स्कुटी	बाईक तथा स्कुटी विभिन्न ब्रान्ड	२४

२१.३. जिन्सी सामानको व्यक्तिगत खातामा अद्यावधिक गरी राखुपर्ने, लिलाम ब्रिकि मिन्हा, लगत कट्टा गर्दा तोकिएको प्रकृया अपनाई गर्नुपर्नेमा कार्यालय प्रमूखले प्रयोग गरेका निम्न सामान कार्यालय भवन सार्दा टुटफुट भएको भनी उक्त प्रकृया बेगर लगत कट्टा गर्ने निर्णय भएको देखिएकोले लगत कट्टाको निर्णय नियम सम्मत देखिएन ।

क्र.स.	विवरण	परिमाण	खरिद मिति	रकम
१.	ल्यापटप डेल १७	१ थान	नखुलेको	नखुलेको
२.	स्यामसुङ्ग ग्यालेक्सि एस ३०	१ थान	नखुलेको	नखुलेको
३.	हुवाई मोवाइल पि ३०	१ थान	२०७६.१२.२	८५६००
४.	स्यामसुङ्ग ग्लालेक्सी एस ३०	१ थान	२०७६.१२.२	१६५५००

२२. **योजना अनुगमनः** पालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार सम्पन्न भएका योजनाहरुको अनुगमन गरी भुक्तानिका लागि सिफरिस गर्न उपाध्यक्षको संयोजकत्वमा एक समिति गठनभएको छ।उक्त समितिले यस बर्ष सम्पन्न भएका योजनाहरुको अनुगमन गर्दा अनुगमनबाट देखिएका व्यहोराहरु र तिनमा गर्नुपर्ने सुधारहरु बारेमा कुनै कुरा उल्लेख नगरी केवल भुक्तानिका लागि सिफारिस गरेको देखियो।अनुगमनबाट देखिएका कमी कमजोरी तथा सुधार गर्नुपर्ने कुराहरु स्पष्ट गरी मात्र भुक्तानिका लागि सिफारिस गर्नुपर्ने देखिन्छ।

करदस्तुरएवंआन्तरिकआय

२३. **आन्तरिक आयः**स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउनुपर्ने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ। जस अनुसार नगरपालिकाले यस वर्ष विभिन्न शिर्षकमा अनुमानको ५१ प्रतिशत अर्थात रु. ३३,२२,३५,४९९.३२आम्दानी गरेको देखिन्छ।

राजस्वउपशीर्षक	अनुमानित बजेट	प्राप्त रकम रु.	प्रतिशत
११३१३ एकीकृत सम्पती कर	४५000000	१३३५५९७२.३५	३०
११३१४ भुमिकर/मालपोत	४000000	७६५०३७.३२	१९
११३१५ घरजग्गा रजिष्टेशन दस्तुर	२५0000000	१८९९१४९८५.८९	७६
११३२१ घरवहाल कर	१0000000	५९८३४५३.२	६०
११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	६0000000	५१११६२२८.०९	८५
११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क	५८८0000	१४०४३१८०.१७	२३९
११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	२0000000	१७९८०३३७.५३	९०
११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर	३00000	०	०
जम्मा कर राजस्व	**३९५१८0000**	**२९३१५९१९४**	७४
१४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	५00000	०	०
१४१५४ बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी	१३0000000	०	०
१४२१६ निजी धारा वापतको शुल्क	३00000	०	०
१४२२१ न्यायिक दस्तूर	१00000	०	०
१४२२३ शिक्षा क्षेत्रको आम्दानी	१२00000	०	०
१४२४२ नक्सापास दस्तुर	७0000000	२१८२१६६६.८७	३१
१४२४३ सिफारिश दस्तुर	२0000000	७७३४०५२.९५	३९
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	६0,000	१६,२००	२७
१४२४५ नाता प्रमाणित दस्तुर	३00000	१,२००	०
१४२४९ अन्य दस्तुर	२६५१७५५६.९६	६४००४८९.९५	२४
१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	१0000000	३१०२६९५	३१
१४३१३ धरौटी सदरस्याहा	१00000	०	०

जम्मा गैर कर राजस्व	२५९०७७५५६	३९०७६३०४	१५
जम्मा आन्तरिक राजस्व	६५४२५७५५६	३३२२३५४९९	५१

आन्तरिक आय सम्वन्धमा देखिएकोव्यहोरा निम्नानुसार रहेको छन् ।

२३.१.	**राजश्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा तथा प्रदेश नं. ३ को आर्थिक ऐन २०७४ को दफा २(झ)मा वित्तिय विवरण सम्वन्धी आवस्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्पुटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं.२१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।	
२३.२.	नगरपालिकालको यस वर्ष आय अनुमान रु. ६५ करोड ४२ लाख ५७ हजार रहेकोमा रु ३३ करोड २२ लाख ३५ हजार (५०.७८%) मात्र प्राप्त भएको छ । तोकिएको लक्ष्य पुरा गर्न नगरपालिकाले ध्यान पुर्याउनुपर्दछ ।	
२३.३.	**व्यवसायकरः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्य क्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउन सक्ने व्यवस्था रहेता रहेको छ । यस वर्ष नगरपालिकाले यस शीर्षकमा रु. १ करोड रकम असुल गर्ने लक्ष्य लिएतापनि रु ३१ लाख मात्र असुल भएको छ । अत : कर असुल गर्न प्रभावकारी संयन्त्र निर्माण गर्नुपर्दछ ।	
२३.४.	**सम्पति कर :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्य क्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउन सक्ने व्यवस्था रहेको छ। कार्यालयले सम्पति कर प्रत्येक वडा कार्यालयबाट उठउने गरेता पनि यस सम्वन्धमा कार्यालयमा सफ्टवयर संचालन तथा आम्दानी अभिलेख अद्यावधिक गर्ने आधिकारिक व्यक्ति तोकिएको देखिएन।सम्पतिको लगत अद्यावधिक गर्न तथा सम्पति धनीलाई कर तिर्न जनचेतना संचालन कार्यक्रम संचाल नगरेको तथा नगरपालिकाले सम्पति कर उठाउन सफ्टवयरको भर परेको कार्य यो वर्ष नगरपालिकाले ४ करोड ९० लाख सम्पति तथा मालपोत कर उठाउने लक्ष्य लिएकोमा रु १ करोड ४१ लाख मात्र असुल भएको छ ।	
२३.५.	**घर जग्गा बहाल करः** नगरपालिकाले जारी गरेको आर्थिक ऐन २०७५ को दफा ४ अनुसार नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । नगरपालिकाले २५ करोड कर उठाउने लक्ष्य लिएकोमा रु १८ करोड ९९ लाख १४ हजार मात्र असुल गरेको छ ।उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठेको हो सो रकमको एकिन गर्न सकिएन साथै नगरपालिकाले वहाल कर सम्वन्धमा घर सर्वेक्षण (**HOUSEHOLD SURVEY**)गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।	
२४.	**राजश्व परामर्श समितिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवस्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवस्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा	

	अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ । राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएता पनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अत नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ।	
	उपभोक्ता समितिबाट कार्य	
२५.	**उपभोक्ता समितिः**नगरपालिकाले उपभोक्ता समितिबाट गराएका काम मध्ये लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षण गर्दा सार्बजनिक खरीद ऐन,२०६३ को दफा ४४ मा उल्लेख भएका मितव्ययी, गुणस्तरीयता वा दिगोपन अभिबृद्धि हुने, रोजगारी श्रृजना हुने लगायत विषय स्पष्ट नगरेको , सार्वजनिक खरीद नियमावली, २०६४कोनियम९७ विपरित जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरिएका अधिकांश विल भरपाई प्रमाणित गर्ने नगरेको, तोकिएका फारमका विवरण पूर्ण रुपमा नभरिएको, सहि छाप नभएको गुणस्तर परीक्षण प्रतिवेदन पेश नगरेको सार्वजनिक परीक्षण र सुनुवाई को स्थीति नखुलाएको अवस्था देखिएको छ ।यस प्रकारको व्यहोरामा सुधार हुनुपर्दछ । साथै उक्त नियमावलीको नियम १२५(२) अनुसार कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने, समितिले गरेका खर्चको अनुमोदन गरी सार्वजनिक गर्ने, सामाजिक परीक्षण गर्ने एवम् निर्माण कार्यको स्थान पहिचान हुने गरी स्पष्ट विवरण राख्ने कार्यमा सुधार गर्नुपर्ने देखिएको छ ।	
२५.१.	आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रममा स्वीकृत योजनाहरु कार्यान्वयन गर्दा रु २० लाख भन्दा बढी बजेट विनियोजन भएका सवै आयोजनाहरु ठेक्का प्रकृया मार्फत कार्यान्वयन गरिने उल्लेख भएकोमा २० लाख भन्दा बढीका योजना समेत उपभोक्ता समिति मार्फत संचालन भएका छन् । नीतिगत व्यवस्थाको पालना गर्नुपर्दछ ।	
	नगरपालिका पुँजिगत	
२६.	**कार्यसम्पन्न नभएको :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिले सम्झौता अनुसारको कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था रहेको छ । सूर्योदय टोल सडक निर्माण उपभोक्ता समितिसँग रु ३६५०२२९.९७ को सम्झौता भएकोमा २६०१३३०.९६ को कार्य भएको आधारमागो भौ नं ९०/०७६.५.३० बाट रु २१३७९९९ भुक्तानी भएको छ । अत उक्त कार्य सम्पन्न गरी कार्यसम्पन्न सम्पन्न प्रतिवेदन पेशगर्नुपर्दछ ।	
२७.	**सोझै खरिदः-** सार्वजनिक खरिद नियमावली २०६४ नियम ३१(१) अनुसार सार्वजनिक निकायले बीस लाख भन्दा बढी लागत अनुमान भएको मालसामान खरीद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ । साथै नियमावली को नियम ८५ अनुसार एक आर्थिक वर्षमा एक पटक वा पटक पटक गरी पाँचलाख रुपैया भन्दा बढीको खरिद एउटै व्यक्ति, फर्म , कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था रहेको छ। नगरपालिकाले निम्न भौ नं / मितिबाट फर्निचर तथा कार्यालय सामान पटक पटक गरी सिमा नधाई सिधै खरिद गरेको छ । नियममा व्यवस्था भए बमोजिम खरिद प्रकृया अपनाई मालसामान खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको रु.	६४५२६९१

शिर्षक	गो भौ नं र मिति	विवरण	आपूर्तिकर्ता	रकम
पूजिंगत	१००/०७६.६.९	फर्निचर खरिद	रेन्वो फर्निचर एण्ड फर्निचर	३७००१८
	१०१/०७६.६.९	फर्निचर खरिद	रेन्वो फर्निचर एण्ड फर्निचर	३७१६१५
	१२६/०७६.७.२६	फर्निचर खरिद	रेन्वो फर्निचर एण्ड फर्निचर	४९७४५४
	१२८/०७६.७.२६	फर्निचर खरिद	रेन्वो फर्निचर एण्ड फर्निचर	३५८४१९
	१४१/०७६.८.१३	फर्निचर खरिद	अजिता मल्टीपर्पोज	४०७२११
			रेग्मी मल्टी प्रपोज	३६५४००
	१४३/०७६.५.१५	फर्निचर खरिद	गंगा मल्टीप्रपोज	१७०४६०
	१५०/०७६.८.२२	फर्निचर तथा कम्पुटर खरिद	रेन्वो फर्निचर	२४३००३
	१८२/०७६.९.१३	ल्यापटप खरिद	शारदा डिजिटल	२५८३३०
	१८४/०७६.९.२३	ल्यापटप खरिद	लक्ष्मी प्रिन्टिङ्ग एण्ड सप्लायर्स	१९३७९५

	१८६/०७६.९.२४	कुर्सी खरिद	रेग्मी मल्टीप्रपोज	२८३७४३
	२०४/०७६.१०.०७	फर्निचर र मेशीनरी	गंगा मल्टीप्रपोज	३०१०३२
	२०६/०७६.१०.७	ल्यापटप मेशिनरी	महाकाली प्रिटिङ्ग	२७२७८२
	२१७/०७६.१०.१५	फर्चिचर	हनुमान ट्रेडर्स	१६१३०७
चालु	१२२।०७६।६।९	कार्यालय सामान	नागार्जुन डिजिटल प्रा.ली	४७८६६८
	२८४।०७६।८।१	कार्यालय सामान	अजिता मल्टी पर्पोज फाउण्डेशन प्रा.लि	४३८२३६
	३८८।०७६।८।२७	कार्यालय सामान	सरस्वीती प्रिन्टङ एण्ड ट्रेडर्स	१८९५२१
	४६५।०७६।९।२३	शैक्षिक सामाग्री	सरस्वीती प्रिन्टङ एण्ड ट्रेडर्स	४७९१७६
	६२८।०७६।११।५	छपाई	सरस्वीती प्रिन्टङ एण्ड ट्रेडर्स	२६७२५०
	१३८/०७६.६.१०	कार्यालय सामाग्री	शारदा डिजिटल	३४५२७१
			जम्मा	६४५२६९१

२८. **खुल्ला दरभाउपत्रबाट निर्माण कार्य :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा ५ लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य सोझै गराउन सकिने व्यवस्था छ । त्यस्तै नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढी रकमको खरिद गर्दा नसकिने व्यवस्था छ ।निम्न अनुसारका फर्म, कम्पनी तथा संस्थाबाट एक आर्थिक वर्षमा नियम ८५ को सिमा नघाई खरिद गरेको नियम सम्मत देखिएन ।

गो भौ नं र मिति	कार्य	निर्माण कर्ता	मूल्य
१५५/०७६.८.२४	वडा नं ४ मा राजकुलो पर्खाल निर्माण र ह्युमपाईप राखे कार्य	बुद्ध इन्जिनिरिङ्ग	४९६२४६
१५९/०७६.८.२६	वडा नं ७ महाकांल गोदामचोकमा थप काम ढुङ्गाको जोडाई	जोडार्द कोटघडेरी नि सेवा	३८०९९१
१६८/०७६.८.३०	वडा नं ४ र ५ मा सितापाईला मन्दिर रानीपानी कारखाना चोक सडक कालोपत्रे	बंगलामूखी निर्माण एंण्ड सप्लायर्स	४९५७८६
२५३/०७६.११.१३	मिराकल चोक सडक ढलान ठेक्का स	स्वयम्भू निर्माण सेवा	४९१९५०
२६५/०७६.११.१४	न पा भवन पेन्टिङ्ग कार्य	पि सि बिल्डर्स	४८७८९३
जम्मा			२३५२८६६

२९. **एकघर एक फायर फाईटिङ्ग :-** पालिकाले आगलागी जस्तो विपद व्यवस्थापन तथा नियन्त्रणमा टेवा पुग्ने गरी एक फायर एक्साटिङ्गयुसर र प्राथमिक उपचार बक्स निशुल्क वितरण गर्ने कार्यक्रम अन्तर्गत ६००० घरमा फायर फाईटिङ्ग उपकरण वितरण गर्न रु. १६९५०००० को लागत अनुमान तयार भएकोमा उक्त उपकरण खरिद गरी रु १६९४३२२० खर्च गरेको छ । पालिकाको प्रत्येक घरमा निशुल्क उपकरण उपलव्ध गराउदा लाग्ने कूल खर्चको अनुमान गरी उपकरणको संचालन, संरक्षण र मर्मत संभार प्रति सम्वन्धित घरधनीको अपनत्व र जवाफदेहिता अभिबृद्धि हुने गरी लागत सहभागितामा त्यस्तो उपकरण वितरण गर्नुपर्नेमा निशूल्क वितरण गर्ने नीति लिएकोले लामो समयसम्म नगरपालिकाले बजेट व्यवस्था गरिरहनुपर्ने र लागत सहभागिता नभएको कारण अपनत्वको कमी भई उचित संरक्षण नहुने जोखिम रहेको छ । यस सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्न छन् ।

२९.१. सार्वजनिक खरिद ऐन २०६३ को दफा ११ बमोजिम सम्वन्धित मालसामनको स्पेशिफिकेसनको अधिनमा रही उपनियम (२) का आधार लिई लागत अनुमान तयार गर्नुपर्नेमा स्पेशिफिकेशन तयार गरेको देखिएनभने तिनवटा आपूर्तिकर्ता सँग दर मागी सोको आधारमा लागत अनुमान तयार गरेको छ ।

२९.२. विद्युतिय खरिद प्रणाली संचालन निर्देशिका २०७४ को ३५(४) मा रु एक करोड भन्दा माथीको निर्माण कार्य र रु २० लाख भन्दा बढीको मालसामन खरिद गर्दा विद्युतिय बोलपत्र मार्फत खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले फायर फाईटिङ्ग उपकरण खरिद कार्यको ठेक्का व्यवस्थापन गर्दा विद्युतिय माध्यमबाट बोलपत्र दाखिला गर्ने व्यवस्था नगरेको ,प्रक्षेपण राष्ट्रिय दैनिकमा २०७६.२.२५ मा सूचना प्रकाशित भएको तर लागत अनुमान तयार गर्ने प्रयोजनको लागि दररेट मागिएकै ३ वटा आपूर्तिकर्ताले मात्रै वोलपत्रमा भाग लिएको एंव लागत अनुमान रु

	१६९५०००० भएकोमा रु १६९४३२२० (०.०४% नगन्यमात्रामा घटी) मा सम्झौता भएकोले खरिद कार्य प्रतिष्पर्धी र मितव्ययी भयो भन्न सकिएन ।	
२९.३.	सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ अनुसार खरिद कार्य सम्पन्न भएपछि आपूर्ति भएका मालसामन तोकिएको संख्या र स्पेशिफिकेसन अनुसार गुणस्तरिय मालसमान प्राप्त भएको सुनिश्चित गर्न तोकिएको समितिबाट निरिक्षण गरी प्रतिवेदन तयार गर्नपर्नेमा त्यस्तो प्रतिवेदन तयार गरेको देखिएन ।	
२९.४.	खरिद उपकरण वितरण सम्वन्धि मापदणड तयार गरी सवै वडाको प्रतिनिधित्व हुने गरी वितरण गर्नुपर्नेमा वितरण मापदण्ड बेगर वडा नं १,२ र ३ वितरण गरेको देखियो ।	
२९.५.	वितरित उपकरणको अनुमान गरी संचालन र संरक्षणको उचित प्रबन्ध भए/नभएको अनुगमन समितिको प्रतिवेदन पेश हुनुपर्नेमा सो पेश भएको देखिएन भने १९१९ थान फायर फाईटिङ्गको वितरण भर्पाई समेत पेश नभएको रु.	५४१९००६
३०.	**पूँजिगत शिर्षकबाट चालू शिर्षकमा खर्च :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५ मा सम्वन्धित शिर्षकबाट खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले पूँजिगत शीर्षकबाट सार्कस्तरीय नेटवल खेलकुद प्रतियोगिता खर्च बापत नेटवल संघ लाई रु. ६४५२८४ र होटेल मिस्टिक प्रा लि लाई रु. ८२७५९० समेत गरी रु १४७२८७४ खर्च गरेको छ । खेलकुद प्रतियोगिता संचालन सम्वन्धि मापदण्ड र खर्चको सिमा निर्धारण गरी चालू खर्च शीर्षकबाट खर्च लेख्नुपर्नेमा मापदण्ड बेगर पूँजिगत बाट खर्च लेखेको मनासिव देखिएन ।	
३१.	**सोल्टी दोबाटो रामकोट महाकांल सडक निर्माण :-** सार्वजनिक खरिद नियमावली २०६४ नियम १२७ मा निर्माण कार्यको कार्यस्वीकर प्रतिवेदन तयार गर्ने, नियम १२५ मा कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने र नियम १२८ मा खरिद सम्झौता उल्लंघन भएमा हुन् उपचारको व्यवस्था छ । पालिकाले लागत अनुमान रु १४७ ८४ ६७८ रहेको वडा नं ४ मा पर्ने सोल्टी दोबाटो रामकोट महाकांल सडक निर्माण कार्य गर्न निर्माण व्यवसायी ॐ बुद्ध इन्जिनियरिङ्ग सँग २०७६.८.२८ मा रु १२५४२४७८ को सम्मझौता गरेकोमा रु ९७४२५३२ को मात्र कार्य गरी कार्य स्वीकर प्रतिवेदन तयार गरी भुक्तानी दिएको छ । यस सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्न छन् ।	
३१.१.	सम्झौता भन्दा २२.३२ प्रतिशत घटी कार्य हुदा समेत उक्त कार्य स्वीकार गरी ठेक्का सम्पन्न गरेको स्पष्ट आधार खुलाएको देखिएन । साथै सम्झौतामा तोकिएको कार्य मध्ये निम्नानुसारका कार्य ज्यादै कम गरेकोले निर्माण कार्यले पूर्णता नपाई अधुरो अवस्थामा स्वीकार गरेको मनासिव देखिएन ।	

कामको विवरण	तोकिएको परिमाण	ल ई दर	सम्पन्न कार्य परिमाण	दर
अस्फाल्ट कन्क्रिट	१७६.६७ घ.मि.	१८९८३	१६९.१२	२२०००
कर्वस्टोन	१२०० मी.	२३५१	५७६	११००
व्रिकसोलिङ्ग	४६६.९ घ.मी.	१०८८	०	१२००
सिमेन्ट कंक्रिट	३५.०२ घ.मि.	१४९१९	६.६२	१२०००
ब्रिक मेशिनरी	२१.७२ घ.मि	१७१८६	१५.४४	१६०००
रुवल मेशनरी बाल	१४१ घ मि	११२५३	७८	७५००

३१.२.	उपरोक्त अनुसार कतिपय काममा निर्माण व्यवसायीको कवोल अंक लागत अनुमान भन्दा न्यून रहेबाट उक्त कार्य पुनः अन्यबाट गराउदा लागत बृद्धि हुने अवस्था देखिएको छ ।	
३१.३.	नियमावलीको नियम १२८ मा सम्झौता अनुसारको काम नगर्ने निर्माण व्यवसायीसँग सम्मझौता अन्त्य गरी बाँकी काम निजकै खर्चमा गराउने व्यवस्था भएकोमा रु २७९९९५५ को कार्य नगरेकोले सो नियम अनुसार उक्त कार्य गराउनुपर्ने देखिएको रु.	२७९९९५५
३२.	**म्याद थप :-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ तथा नियमावली २०६४ को नियम १२० को उपनियम १ मा कावुवाहिरको परिस्थितिले सार्वजनिक निकायले उपलव्ध गराउनुपर्ने	

	कुरा उपलव्ध गराउन नसकेमा वा अन्य मानसिव कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदनको आधारमा अधिकार प्राप्त अधिकारीले अवधि बढाउन सक्ने व्यवस्था छ ।लागत अनुमान रु १९४८०७४१.२७ रहेको गणेशमान स्मृती पार्क निर्माण कार्य २०७६.१०.६ मा सम्पन्न गर्ने गरी युनाटेड बिल्डर्स सँग २०७६.४.६ मा रु ९४९७१६२ को सम्झौता भएकोमा सो अवधि सम्म रु ४९०४५७५(५१%) मा कार्य भई वर्षाको कारण देखाई निवेदन दिएको आधारमा २०७६.९.२७ को निर्णयानुसार २०७६.१२.३० सम्म म्याद थप भएकोमा सो अवधि सम्म पनि कार्य सम्मन्न नभएकोले २०७७.७.३० सम्म पुनः म्याद थप भएको देखिन्छ । श्रावण भाद्रमा वर्षाको विषय पूर्वजानकारी भएको विषय भएकोले वर्षाको कारण म्याद थप गर्नु मनासिव देखिएन ।	
३३.	**भेरियसन :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा नियमावली बमोजिमको प्रकृया पुरा गरी भेरियसन आदेश जारी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले लागत अनुमान रु १९४६१९३६ रहेको ठेक्का नं १२/०७५.७६ नर्सरी चोक देखि राधाकृष्ण मन्दिर माईक्रोबस मार्गको निर्माण कार्य ०७७।०१।०९ मा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री दोलखाभिमेश्वर कन्स्ट्रक्सनसँग रु १४०७६५१३ को सम्झौता भएकोमा सडकको लम्वाई चौडाई बढ्न भएको, ओभरलेमात्र गर्ने कार्यक्रम रहेकोमा वेशकोर्श देखिकै कार्य गर्नुपरेको जस्ता पूर्वानुमान गर्न सकिने विषय उल्लेख गरी ११.६४ प्रतिशत बृद्धि गरी सम्झौता अंक रु १५७१५०९४ पुगेको छ भने ठेक्का अवधि २०७७।३।२५ सम्म भप भएको छ । योजना तर्जुमा गर्दा बस्तुनिष्ठ तरिकाले आवस्यकताको पहिचान गरी योजना छनौट गरी लागत बृद्धि र समयबृद्धि हुने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
३४.	**खर्च शीर्षक :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५ सम्वन्धित खर्च शीर्षकबाट खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले पदाधिकारीहरुको सुविधा खर्च लेख्दा चालू खर्च शीर्षकबाट लेख्नुपर्नेमा सितापाईला रामकोट भिमढुङ्गा सडक योजना पूँजिगत तर्फको शीर्षकको गो भौ नं ३७५/०७७.१.३१ बाट कार्तिक महिना देखि बैशाख सम्मको रु ४९८४००० खर्च लेखेको छ । शीर्षक फरक पारी खर्च लेख्ने कार्य नियमित देखिएन ।	
३५.	**राहात वितरण :-** सार्वजनिक खरिद नियमावली २०६४ अनुसार खरिद कार्य को योजना बनाई प्रतिष्पर्धात्मक विधिद्धारा एकमुष्ट गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यपालिकाले यस वर्ष १० वटा वडामा राहत वितरण गर्नको लागि वडा अध्यक्षलाई पेश्की रकम उपलव्ध गराई सोझै राहत खरिद गरी वितरण गरेको भरपाई अनुसार विभिन्न शीर्षकबाट रु ११८०८४७० खर्च लेखेको छ ।राहत सामाग्री पटक पटक गरी सोझै खरिद गरेको कारण खरिद कार्य मितव्ययी तथा प्रभावकारी भएको एकिन गर्न सकिएन साथै राहत सामाग्री वितरणको केही भरपाईमा चामल , दाल, तेल तथा नुन लगायत प्रत्येक आइटमको परिमाण नखुलाई वितरण गरेकोले वितरण प्रकृया स्पष्ट र पारदर्शि भएको एकिन गर्न सकिएन । नगरपालिकाद्धारा तयार गरेको भुक्तानी खर्च विवरण अनुसार १० वटा वडा अध्यक्षमार्फत ७०७९ जना कोरोनाबाट प्रभावित भई दैनिक जीवनयापनमा समस्या भोगेका व्यक्तीलाई राहत वितरण गरेको विवरण तयार गरेकोमा निम्नानुसारको विवरण देखिएको छ ।	
३५.१.	राहत वितरण प्याकेजका आइटमको अनुमानित लागत अनुमान तयार नगरेको कारण विभिन्न वडाले प्रति परिवार प्रति राहात प्याकेजका लागि पेश गरेको रकम रु.१०३३.५ देखि रु.२०१२.७२ रहेकोले फरक फरक दरले खर्च रहेको छ ।	
३५.२.	प्रत्येक वडाले कोरोनाको कारण प्रभावित भई दैनिक जीवनयापनमा समस्या भोगेका संभावित पिडित परिवारको लगत तयार नगरेको कारण प्रभावित संख्याको विश्लेषण गर्न सकिएन ।	

३६.	**उपभोक्ता समितिको अंश :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) मा सार्वजनिक निकायले उपभोक्ता समितिको अंश कटाई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले निम्नानुसारको कार्यको लागि उपभोक्ता समिति सँगको सम्झौतामा उपभोक्ता समितिले व्यहोर्नुपर्ने अंश समावेश गरी उल्लेख नगरेकोले उपभोक्ताको अंश कट्टा नगरी भुक्तानी दिएको छ ।	

भौ न मिति	योजनाको नाम	इस्टमेट रकम	कार्यसम्पन्न	भुक्तानि रकम	जनश्रमदान अंश
४५७र२०७७र३र१६	महांकाल बाफल सडक स्तरोन्नति उ स	४४६२२१७	४५५६१४०	४५९३९५८	४४५६१४
५२८र२०७७र३र२९	वडा नं २ कार्यालय भवन निर्माण उ स	९६९१४५६	५५६८०८२	५५६८०८२	५५६८०८
५४३ २०७७ ३ ३०	तारकेश्वर युवा क्लब फिटनेस सेन्टर		१६९४३९४	१६९४३९४	१६९४३९

३७.	**मेशिन खरिद** :- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) विल भरपाई सहित खा राख्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले मेशिन औजार खरिद वापतगो भौ नं ४९६/२०७७.३.२५बाट रु ७२५२३४। खर्च लेखेकोमा सो सम्वन्धमा निम्नानुसारको व्यहोरा देखियो।	
३७.१.	१ थान समरसिबल पम्म बिजुलि प्यानल बोर्ड लगायत ४ थरिका सामान खरिद वापत नागार्जुन डिजिटल प्रा लि लाई रु ४३२७९०। भुक्तानि दिएको छ । खरिद गरेका सामानहरु देबेन्द्र गिरीलाई बुझाएको छ ।सामानहरु कुनै योजनामा प्रयोग भएको सो को नापि किताबमा चढाएको प्रमाण सहित प्राबिधिक मुल्यांकन पेश हुनु पर्नेमा नापि किताब र प्राबिधिक मुल्यांकन भएको प्रमाण पेश नभएकोले उक्त प्रमाणहरु पेश हुनुपर्ने रु.	४३२७९०
३७.२.	एक थान सामसुङएम ३० मोबाइल रु ५५२५७। र दुई थान सामसुङ नोट१० रु ११८०८५ का दरले रू २३६१७० मा खरिद गरी कूल रु २९१४२७खर्च गरेको छ । नगरपालिकाको रकमबाट ब्यक्तिगत प्रयोजनकालागि महङ्गो दरमा खरिद गरी खर्च लेख्नु उपयुक्त देखिएन ।यस्तो कार्य नियन्त्रण हुनु पर्दछ	
३८.	**नापी किताव :-** सार्वजनिक खरिद नियमावली २०६४ अनुसार निर्माण कार्यको नापी किताबको आधारमा रकम भुक्तानी गर्नुपर्दछ । कार्यालयले निम्नानुसारको कार्यको नापी किताव पेश नगरी रकम भुक्तानी गरेकोले नापी किताव पेश गर्नुपर्ने रु.	४९६८१२

भौ न मिति	सामानको नाम	परिमाण	दर	रकम
५०२ /२०७७.३.२९ Poly tank	HDPE PN 50 mm HDPE PN 32 mm HDPE PN 20 mm ५००० लिटरका	७९।६० के जि १६७ के जि ५३६ के जि ३ वटा	२५४।२५ ११।६३९	२२५५०६ १७४५८५
४०४/२०७७.३.३	NP3 300mm NP3 200mm	ह्युम पाईप ६ थान ह्युम पाईप ७ थान		५३२३३ ४३४८८
			जम्मा	४९६८१२

३९.	**मू अ कर दर्ता :-**सार्बजनिक खरिद नियमावलि २०६४ अनुसार २५ हजार भन्दा बढीका सामान खरिद गर्दा मुल्य अभिबृदि करमा दर्ता भएका फर्मबाट खरिद गर्नु पर्ने उल्लेख छ। नगरपालिकाले भौ न ५०४/ २०७७.३.२६ बाट बिजुलिका सामान खरिद वापत ६ वटा बिलबाट राज इलेक्ट्रोनिक्सलाइ रु ४८४७००। मा अग्रिम कर कट्टी गरी रु ४०९२०५। भुक्तानीभएको छ । नियममा ब्यबस्था भए अनुसार मु अ कर दर्ता फर्मबाट खरिद गर्नु पर्नेमा मु अ कर दर्ता नभएको फर्मबाट खरिद गरेको रु.	४८४७००

४०.	**अग्रिम कर :-** आयकर ऐन २०५८ को दफा ८९ (३ क) अनुसार उपभोक्ता समितिलाई ५० लाख भन्दा बढि भुक्तानि दिदा १.५ का दरले अग्रिम कर कट्टी गर्नु पर्ने उल्लेख छ ।नगरपालिककाले वडा भवन निर्माण वापत उपभोक्ता समितिलाई भौ न ५२८/ २०७७. ३ .२९ बाट रु ५५६८०८१। भुक्तानि दिएकोले सो अनुसारअग्रिम कर वापत रु ८३५२१। कट्टी गर्नुपर्नेमा रु.६८१६३। अग्रिम कर वापत कट्टी गरेको छ ।कट्टी गर्नुपर्ने भन्दा रु १५३५८। कम कट्टी गरेकोले उक्तरकम असुल हुनुपर्ने देखिएको रु.	१५३५८
४१.	**विल भरपाईः-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भरपाई सहित लेखा राखुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले कन्टेन्जेन्सि खर्च वापत रु ५९००६। खर्च लेखेकोमाखर्च साथ रु १७६२५। को मात्र विल संलग्न भएकोले विल भरपाई बढि खर्च लेखेको रकम असुल हुनु पर्दछ रु	४१३८१
४२.	**बढी मूल्य अभिबृद्धि कर :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भरपाई सहित लेखा राखुपर्ने व्यवस्था रहेको छ ।नगरपालिकाले निम्न भौ न मितिबाट निम्नानुसारका उपभोक्ता समितिलाई उनिहरुले तिरेको मु अ कर भन्दा बढि मु अ कर भुक्तानि दिएको छ । कार्यालयबाट विल विजक भन्दा बढी लिएको मूल्य अभिबृद्धि कर असुल हुनुपर्ने रु.	६४४५८

गो भौ नं र मिति	निर्माण कार्य	कुल भुक्तानि	काम भएको	मु अ कर भुक्तानि	उ स ले तिरेको मु अ कर	बढी मू अ कर भुक्तानी
५१६/२०७७. ३.२८	चुनदेबि सामुदायिक भवन निर्माण उ स	१८०००००	१९५७५१८	१७२०१४	१६०६१८	११३९६
५२१/२०७७. ३.२८	नागार्जुन बाटो प्लान उ स ५० ५०	५२९५९८	१०२८३४६	१००५५४	८९४२१	१११३३
५२६/२०७७. ३.२९	जयन्ति युवा क्लब भवन मर्मत उ स	५०००००	५४२३२६	३९६०७	१६७०९	२२८९८
५३३/२०७७. ३.२९	बाको टोल देखि चिसापानि जाने बाटो ढलान उ स	१५०००००	१६२४०४०	१५८७७२	१५०१८३	८५८९
५४२/२०७७. ३.३०	रानिटार टोल सुधार उ स	५०००००	५४५०३१	४०७५६	३०३१४	१०४४२
जम्मा						६४४५८

	प्रदेश सरकारबाट हस्तान्तरित चालू	
४३.	**प्रमाण :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भरपाई सहित लेखा राखुपर्ने व्यवस्था रहेको छ । बाल बिबाह बिरुद्धको मिति २०७७ आषाढ १ र२ गते सञ्चालन भएको कार्यक्रममा सिता देबी सोतिको ४४/२०७७.३.३१ पेश्की रु ३०००००। फछ्यौटमा निम्नानुसार देखियो ।	
४३.१.	कार्यक्रमकुनस्थानमासम्पन्न भयो खुलेको छैन ।कार्यक्रममा ४ जना पदाधिकारी र ४ जना कर्मचारीलाई अनुगमन भत्ता भुक्तानि भएकोले अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.	८५००
	स्थानीय प्रशासनिक कोष	
४४.	**अग्रिम कर :-**आयकर ऐन २०५८ को दफा ८८ भुक्तानी १.५प्रतिशत अग्रिम कर कट्टी गरि भुक्ताती दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले ५० प्रतिशत अनुदानमा गोलभेडा खेतिका लागि टनेल खरिद वापत रु ५०००००।को बिलमा कार्यालयको तर्फबाट भौ न १२/२०७७.१.२८ बाट रु २५००००। भुक्तानि दिएको छ ।ऐनमा ब्यबस्था भए बमोजिम कर कट्टी गर्नु पर्नेमा कर कट्टी गरेको छैन । कर वापतको रकम असुल हुनु पर्दछ रु	७५००
४५.	**इ टि डि एस :-** सार्वजनिक खरिद ऐन २०६३ दफा २९ अनुसार सार्वजनिक निकायको जनशक्तिबाट कार्य सम्पन्न गर्न नसक्ने अवस्थामा मात्र बाह्य व्यक्ति वा परामर्शदाताबाट गराउनुपर्नेमा नगरपालिकाले आर्थिक बर्ष २०७६/७७ मा भुक्तानि भएको रकममा अग्रिम कर	

	वापत कट्टी गरेको रकमको E TDS ENTRYगरे वापत न्यु पण्डित पशुपति कम्प्युटर्सलाई भौ न ३५/२०७७.३.२५ बाट रु ४९७०००। भुक्तानि खर्च लेखेको छ ।कार्यालयको जनशक्तिबाट हुन सक्ने उक्त कर्मचारिले काममा छुट्टै फर्म संग भुक्तानि दिई नगरपालिकालाई थप आर्थिक ब्ययभार परेको छ ।कामको अत्याधिक चाप भएकोले बाह्य जनशक्तिबाट सेवा लिएको नगरपालिकाले जनाएकव छ । आफ्नै जनशक्तिबाट कार्य गराई यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।	
	राष्ट्रिय परिचयपत्र कार्यक्रम	
४६.	**अग्रिम कर कट्टी :-** आयकर ऐन २०५८ को दफा ८८ अनुसार भुक्तानिमा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नु पर्ने उल्लेख छ । नगरपालिकाले मसलन्द र मेशिनरी सामान खरिद वापत गंगा मल्टिपल पर्पोज प्रा.लि.लाई गो.भौ.नं.१६/२०७७.३.२७ बाट रु.८१०००।- भुक्तानि दिएकोमा अग्रिम कर वापत रकम कट्टी गरेको छैन । अग्रिम कर वापतको रकम असुल हुनुपर्दछ रु	१०७५
	प्रदेश सरकार हस्तान्तरित कार्यक्रम	
४७.	**अधुरा आयोजना :-** स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले बजेट सुनिश्चत गरेरमात्र योजना छनौट गर्ने र प्रमावकारी रुपमा संचालन गर्नुपर्ने व्यवस्था रहेको छ ।नगरपालिकाले बजेटको सुनिश्चिता नगरी योजना संचालन गरेको छ । नगरपालिकाले यस प्रकारको कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	

योजनाको नाम	फर्म वा संस्था	लागत अनुमान	संझौता	काम सम्पन्न	भुक्तानि रकम
गैर आवासिय भवन निर्माण	लाबाङ लामा कन्स्ट्रकंसन	४८६४९०२	३८६५०९७	३०५४०३९	३०५४०३९
आदेश्वर उध्यान पार्क निर्माण	आदेश्वर उध्यान पार्क निर्माण उ स	४९९४८०४	४९९४८०४	३६३७१४२	३६३७१४२

४८.	**बढी भुक्तानी :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(५) माभुक्तानि दिदा रित पुगे नपुगेको जाँच गरि भुक्तानि दिनु पर्दछ ।आदेश्वर उध्यान पार्क निर्माणका लागि कुल लागत अनुमानरु रु ४९९४८०४। मा कार्यालयले रु ४५०८८५०। र उपभोक्ता समितिले रु ४८५९५४। ब्यहोर्ने गरी मिति २०७७।२।७ मा संझौता भइ मिति २०७७।३।५ मा सम्पन्न गर्ने उल्लेख छ । कुल काम ३६३७१४२। भएकोमा भौ न २०।२०७७।३।३० बाट रु ३३०६४९२। र भौ न २३।२०७७।३।३० बाट रु ३३०६५०। गरी रु ३६३७१४२। भुक्तानि दिएको छ ।संझौतामा उल्लेख भए अनुसार उपभोक्ता समितिले ब्यहोर्ने अंश कटाएर भुक्तानि दिनुपर्नेमा कामको पुरै रकम भुक्तानि दिएको छ ।उपभोक्ताले ब्यहोर्नु पर्ने रकम पुरै भुक्तानि दिएकोले उक्त रकम असुल हुनु पर्दछ रु	३५३८६४
४९.	**बिमा वापतको विल :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भरपाई सहित खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले खोपाटोल रोड अपग्रेडिङ्ग कार्यको लागि खैराबाङ्गि भगवती निर्माण सेवा सँग रु ३०७७०३८ मा सम्झौता गरी गो भौ नं क्रमश ३ र १३ बाट प्रथम तथा अन्तिम विल को रु २९१५८५२ रकम भुक्तानी इन्सुरेन्स वापत भ्याट बाहेक १७५२६.३४ रकम भुक्तानी गरेको छ । भुक्तानी श्रेस्ता साथ विमाको विल पेश भएको छैन । अतः विमाको विल पेश गर्नुपर्ने रु.	२००००
	संघिय सरकार हस्तान्तरित चालू	
५०.	**सेनटरी प्याड खरिदः** सेनटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ मा सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावरीका समयमा आवश्यक पर्ने महिनावरी व्यवस्थापन सामाग्री उपलव्ध गराई उनीहरुको स्वास्थ्यमा सुधार गरी सोही कारणबाट विद्यालय छाड्ने समस्या समाधान गर्न गुणस्तरीय शिक्षाको प्रत्याभुति गर्न र महिनावरी व्यवस्थापन	

	सामाग्रीको दिगो विसर्जन तथा पुन प्रयोग गर्न सकिने सामाग्रीको प्रयोग गर्न तर्फ उत्प्रेरित गर्ने उद्देश्य राखेर तयार गरिएको यस कार्यविधीमा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्वन्धीत स्थानीय तहमा लेखी पठाउने स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा बढीमा प्रति विद्यार्थी १६ वटा सेनेटरी प्याड वितरण गर्ने गरी सम्वन्धीत विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रकृया सुचारु गरी तेस्को भरपाई तयार गरी अर्को महिनाको ७ गते सुचना पार्टिमा विवरण टास्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । माथी उल्लेखित आवश्यक प्रकृया पुरा नगरी नगरपालिकाले यस वर्ष गो भौ नं १४८/०७७.३.१८ बाट सनीदेवी सप्लायर्सलाई रु. ८१५७९ र गो भौ नं ११७/०७७.२.९ बाट न्यू सिम्रन इन्टरप्राईजेजलाई रु. ४८८१६० र गो भौ नं ११९/०७७.२.९ बाट सेती देवी जनरल विजिनेश ४९९९५७ गरी कुल रु. १०६९६९६ भुक्तानी दिइ खर्च लेखेको छ । नगरपालिकाले यस सम्वन्धमा अनुगमन गर्नुपर्दछ ।	
५१.	**स्वास्थ्य कार्यक्रम :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(५) मा कार्यक्रम संचालन गर्दा नम्श अनुसार कार्यक्रम स्वीकृत गराई कार्यक्रम संचालन गर्ने समापन पश्चात प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ । निम्नानुसार संचालित स्वास्थ्य कार्यक्रममा आवस्यक कागजात पेश नभएको हुदा आवस्यक कागजात पेश गर्नुपर्दछ ।	

क.स.	गो भौ नं र मिति	कार्यक्रम	कैफियत	रकम
१.	३१/०७६.९.०१	पोषण कार्यक्रम	यातायात वापत रु २०० का दरलेल दिनुपर्नेमा ४०० का दरले वितरण गरेको तथा सो वाहेक खाजा खर्च बापत रु २०० का दरले भुक्तानी गर्नुपर्नेमा ५०० का दरले भुक्तानी भएको तथा कार्यक्रम समापन पश्चात प्रतिवेदन पेश नभएको ।	३५५००
२.	३८/०७६.९.२४	कोहर्ट विश्लेषण कार्यक्रम	यातायात वापत रु २०० का दरलेल दिनुपर्नेमा ४०० का दरले वितरण गरेको तथा ३ जना प्रक्षिक्षकको अध्यापन गरेको नोट पेश नभएको ।कमला चापागाईले प्रतिवेदन भत्ता साथै यातायात वापत ४०० रकम थप भुक्तानी भएको सातै कार्यक्रम समापन पश्चात प्रतिवेदन पेश नभएको	२१२००
३.	८९/०७७.१.५	पोषण कार्यक्रम	यातायात वापत रु २०० का दरलेल दिनुपर्नेमा ४०० का दरले वितरण गरेको तथा सो वाहेक खाजा खर्च बापत रु २०० का दरले भुक्तानी गर्नुपर्नेमा ५०० का दरले भुक्तानी भएको तथा कार्यक्रम समापन पश्चात प्रतिवेदन पेश नभएको ।	५५०००
४.		आँखा घाटी तथा मूख सम्वन्धी अभिमुखिकरण तालिम	यातायात वापत रु २०० का दरलेल दिनुपर्नेमा ४०० का दरले वितरण गरेको तथा सो वाहेक खाजा खर्च बापत रु २०० का दरले भुक्तानी गर्नुपर्नेमा ५०० का दरले भुक्तानी भएको तथा कार्यक्रम समापन पश्चात प्रतिवेदन पेश नभएको ।	८००००

५२.	**शैक्षिक पहुच कार्यक्रम :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भरपाई सहित लेखाराख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले शिक्षाको विविधकार्यक्रम अन्तर्गत शैक्षिक पहूच सुनिश्चिता कार्यक्रम अन्तर्गत विभिन्न १५ वटा विद्यालयलाई दामाशाहि तवरले गो भौ नं ५०/०७६.१०.०५ बाट रु ३१०४०० रकम भुक्तानी भएको छ । विद्यालयलाई के कार्यक्रम गर्न उक्त रकम उपलव्ध गराईको सो विवरण खुलेको छैन भने विद्यालयलाई रकम वितरण गरेको तेरिज समेत सेस्ता साथ संलग्न रहेको छैन । अतः विद्यालयको कार्यक्रम प्रस्ताव र कार्यक्रम प्रतिवेदन पेश गर्नुपर्ने रु.	३१०४५०
५३.	**बढी निकासा :-**आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६ (८) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेखछ। नगरपालिकाले विद्यालयलाई चौमासिक रकम निकासा गर्दा माग फारम भन्दा बढी निकासा खर्च लेखेको छ। तसर्थ बढी निकासा	३३३३९१

दिएको रकम असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्ने रु.

विद्यालयकोनाम	माग रकम	निकासा रकम	वढी भुक्तानी
अमर मा वि	४७९७५११	४८४६७०२	४९१९१
यूवा सहभागिता	३४८९३७२	३५७३८४४	८४४७२
रत्न राज्य मावि	४०५२०१२	४०८८५६०	३६५४८
सितापाईला मा वि	३३७३३६८	३४०६५६७	३३१९९
बाल विकास मावि	२१६९६९६	२३१३७७९	९३४३१
पन्चकन्या मा वि	३४८०८६९	३५१७४१९	३६५५०
जम्मा	२१३६२८२८	२१७४६८७१	३३३३९१

५४. **शिक्षक विद्यार्थी अनुपात** शिक्षा नियमावली २०५९ को नियम १२ क मा सामुदायिक विद्यालयहरु एक एक आपसमा गाभिँनको लागि उक्त नियमावलीको नियमको ७७ बमोजिम पहाडी जिल्ला प्रति कक्षा विद्यार्थी संख्या ४५ जना नभएको खण्डमा आपसमा गाभ्न सकिने व्यवस्था रहेको छ । नगरपालिका मातहतमा रहेका ५० बटा सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको हुदा नियमानुसार रहेको हुदा नियममा भएको व्यवस्था अनुसार एक आपसमा गाभि शिक्षाको गुणस्तरमा बृद्धि गराउनुपर्दछ ।

क्र.स.	विद्यालयकोनाम	शिक्षककोसंख्या	विद्यार्थीको संख्या	शिक्षकविद्यार्थि अनुपात
१	अमरज्योति मावि	१२	२३२	१९
२	युवा सहभागिता मावि	११	१५८	१४
३	बालबोध मावि	१०	५९	६
४	हल्वोक मावि	७	७६	११
५	रत्नराज्य मावि	११	१७२	१६
६	सीताराम मावि	८	१६७	२१
७	बालविकास मावि	६	१३२	२२
८	जनउद्धार मावि	९	२४१	२७
९	सीतापाइला मावि	८	१६५	२१
१०	पञ्चकन्या मावि	७	१००	१४
११	भीमढुंगा मावि	६	८२	१४
१२	इंचगुनारायण आवि	६	७४	१२
१३	महेशनारायण आवि	२	१२	६
१४	इन्द्र आवि	२	२४	१२
१५	सीतावालविकास आवि	७	१७२	२५
१६	मजुवा आवि	२	३७	१९
१७	कल्पेश्वर आवि	२	२६	१३
१८	ज्योति आवि	३	३०	१०
१९	सरस्वति आवि	५	३४	७
२०	कर्मसानतेलिन गुम्वा	१	३०	३०

५४.१. **करार शिक्षक तलव :- —** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी

	शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । पालिकाले ईचन्गुनारायण आधारभुत विद्यालय र अमर ज्योति माध्यमिक विद्यालयमा पालिकाबाट नियुक्त गरी सम्वन्धित विद्यालयमा पठनपाठन गराउने क्रमशः विन्जु श्रेष्ठ, विमला अधिकारी र श्रृति पौडेललाई आन्तरिक श्रोतबाट तवल भत्ता व्यवस्था गर्नुपर्नेमा संघिय बजेट बाटरु ३२५००० खर्च लेखेको छ । आगामी दिनमा सो कार्यमा सुधार गर्नुपर्दछ ।	
५५.	**स्थानीय तह चौमासिक समीक्षा :-** पालिकाले स्थानीय तहका स्वास्थ्य सस्थाको मासिक चौमासिक समिक्षा को लागि गो भौ नं ९०/०७७.०१.०५ बाट रु. ८७६४० खर्च गरेको कार्यक्रमको व्यहोरा निम्नानुसार रहेको छन् ।	
५५.१.	४ जना प्रशिक्षकलाई २ वटा कक्षाको दरले कार्यपत्र वापत रु ७०० का दरले रु.५६०० भुक्तानी दिनुपर्नेमा रु. १६०० का दरले रु. १२८०० भुक्तानी गरी रु ७२०० बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रु.	७२००
५५.२.	कार्यक्रम संचालनको माइनुट पेश नभएकोले माईनुट पेश गर्नुपर्ने रु.	८७६४०
५५.३.	कार्यक्रमसंयोजन गरेको भनी संगिता योगीले प्रतिवेदक तथा संयोजक भत्ता वापत रु. १८०० र १००० बुझेको हुदा एकै कार्यक्रममा दोहोरो भुक्तानी भएको भत्ता दाखिला गर्नुपर्ने रु.	१०००
५६.	**दोहोरो सुविधा :-** शिक्षाको कार्यक्रम संचालन निर्देशिका २०७६ अनुसार संघिय शसर्त अनुदानबाट विद्यालयलाई प्रदान गर्ने विभिन्न अनुदानलाई मितव्ययी तवरले समानुपातिक रुपमा वितरण गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले सो व्यवस्था विपरित मिति २०७६.९.१३ मा टिप्पणी आदेश स्वीकृत गरी अमर ज्योती मा वि लाई आई सि टी अनुदान वापत ६५०००० र उत्कृष्ट सिकाई भएका विद्यालाई दिने अनुदान रु.२००००० गरी कुल रु ८५००००।०० भुक्तानी दिएको छ । निर्देशिकाको नम्श विपरित भुक्तानी भएको रु.	८५००००
५७.	**भकारो सुधार कार्यक्रम :-** सार्वजनिक खर्च नियमावली २०६४ को नियम १२५ अनुसार लागत अनुमान तयार गरि नापी कितावको तयार गरी कार्यसम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।नगरपालिकाले भकारो सुधार कार्यक्रमको लागि अनुदानमा विभिन्न लाभग्राहिलाई माथि उल्लेखित प्रकृया अवलम्वन नगरी गो भौ नं १६९/०७७.३.२१ वाट रु. २९१६३९ बाट भुक्तानी भएको छ । अत लागत अनुमान एंव कार्यसम्पन्न प्रतिवेदन पेश गर्नपर्ने रु.	२९१६३९
५८.	**कार्यपत्र वापत भुक्तानी :-**कार्य संचालन निर्देशिका २०७५ को बुदा नं ७.१.१५(४) अनुसार तालिम केन्द्र बाहेक अन्य निकायबाट संचालित तालिम अगायत अन्य कार्यक्रमको लागि सम्वन्धित कार्यालयकै कर्मचारी श्रोत व्यक्ति भएको खण्डमा कक्षा लिए बापत नपाउने तर कार्यपत्र बापत अधिकृत तह भए रु १००० र सहायक स्तर कार्यक्रम भए रु ८०० का दरले भुक्तानी गर्न सकिने व्यवस्था रहेको छ । विभिन्न कार्यक्रम संचालन गर्दा सम्वन्धित कार्यालयका श्रोत व्यक्ति भएको खण्डमा कक्षा संचालन वापत रकम भुक्तानी नदिने तर कार्यपत्र बापत रु. ८०० का दरले भुक्तानी दिने व्यवस्था रहेकोमा निम्नानुसाको कार्यक्रममा सम्वन्धित कार्यालयका श्रोत व्यक्तिलाई १६०० का दरले भुक्तानी दिएकोमा उक्त भुक्तानीमा बढी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.	२४०००

गो भौ नं र मिति	कार्यक्रमको नाम	प्रशिक्षक संख्या	भुक्तानी हुनुपर्ने रकम	भुक्तानी भएको रकम	बढी भुक्तानी
१३३/०७७.३.५	दादुरा रुवेला खोप अभियान	३	४८००	९६००	४८००
९०/०७७.१.५	स्थानीय तहका संस्थाको चौमासिक समिक्षा	४	६४००	१२८००	६४००
१७२/०७७.३.२९	नियमित तथा पूर्ण खोप कार्यक्रम	२	३२००	६४००	३२००

	नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्वन्धि अभिमुखिकरण कार्यक्रम	२	३२००	३२००	३२००
१७३/०७७.३.२९	रोटा भाईरस कार्यक्रम	४	३२००	६४००	३२००
१७४/०७७.३.२९	परिवार योजना तथा प्रजन्न स्वास्थ्य कार्यक्रम	४	३२००	६४००	३२००
जम्मा			२४०००	४४८००	२४०००

५९.	**बढी भुक्तानी :-**आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६ (८) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेखछ। नगरपालिकाले कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माणको लागि इन्टरनेशनल रिसर्च एण्ड डेभलपमेन्ट प्रा लि सँग रु ४९३३० मा सम्झौता गरी पाठ्यक्रम निर्माण गरेको भनी गो भौ नं २६/०७७.३.२६ बाट रु. ५०००० भुक्तानी गरी १६७० बढी भुक्तानी भएको छ । अतः सम्झौता भन्दा बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.	**१६७०**
	नगरपालिका (कृषि)	
६०.	**कौशि खेति प्रबर्द्धन कार्यक्रम :-** स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले समन्याय विकास र समानुपातिक विकास गर्नकालागी सवैको हित प्रबर्द्धन गर्ने योजना छनौट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले केवल शहरी क्षेत्रका सापेक्षिक रुपमा सम्पन्न बर्गको मात्र हित हुने गरी ४० वटा घरधुरी कौशी खेती को लागि ९० प्रतिशत कम्पोष्ट विन वितरण गर्ने कार्यक्रम संचालन गरी गो भौ नं २७/०७७.१.१७ बाट रु १ लाख खर्च लेखेको छ ।सवै पक्षको सहज पहुच हुने र सवै पक्षको हित हुने योजना संचालन गरिनुपर्दछ ।	
	नगरपालिका चालू (स्वास्थ्य)	
६१.	**पेश्की फछ्र्यौट :-** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६ (८) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेखछ। नगरपालिकाले गत वर्ष बाँकी रहेको पेश्की गो भौ नं ४/०७६.६.१५ बाट रु ३ लाख को फछ्र्यौट गर्दा निम्नानुसारको विवरण देखियो ।	
६१.१.	**सहभागी भत्ता :-**सहभागिता भत्ता रु ७०० का दरले दिनुपर्नेमा रु १००० का दरले २१ जना सहभागीलाई बढी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.	**१८९००**
६१.२.	कृष्ण प्रसाद सापकोटालाई सहभागी तथा कार्यपत्र तयार गरेको भनी दोहोरो भत्ता उपलव्ध गराएको रु.	**५१००**
६१.३.	२१ जना सहभागी रहेको तथा २ दिन चलेको कार्यक्रममा नगर प्रमूख सहित २० जना जनप्रतिनिधि लगायत अन्य कर्मचारीले अनुगमन गरेको भनी रु. १००० का दरले अनुमगन भत्ता वितरण गरेको छ । अत अनुगमन कार्यविधि तयार गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.	४००००
६२.	**डोर हाजिर :-** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६ (३) माविल भरपाई सहित लेखा राखुपर्ने व्यवस्था रहेको छ। पालिकाले रामकोट प्राथमिक केन्द्रमा जेष्ठ को एक हप्ता र अषाढ महिनामा भिडियो एक्स रेमा काम गरेको भनी श्री केदार खड्कालाई गो भौ नं ५१/०७७.३.२८ रु.५५५०० भुक्तानी दिएको छ । भुक्तानी सेस्ता साथ सम्झौता लगायत उक्त अवधिमा कार्य गरेको प्रमाणित कागजपत्र पेश भएको छैन । अत प्रमाण वेगर खर्च लेखेको रु.	**५५५००**
६३.	**अनुगमन प्रतिवेदन :-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्य नियमावली २०७७ को नियम ३९(१०) मा कार्यालय प्रमूखले सरकारी रकम खर्च लेखु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवस्यक विल भरपाई संलग्न भए/नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले खोप कार्यक्रम संचालन कार्यक्रम वापत गो भौ नं ५२/०७७.३.२८ बाट रु.९२००० भुक्तानी दिएको छ । श्रेस्ता साथ १० जना पदाधिकारी तथा अन्य कर्मचारीले अनुगमन गरेको भनी रु ८६६०० भरपाई पेश भएको छ ।	

	कार्यक्रमको सवै खर्च अनुगमनमा खर्च गर्ने कार्य नियमित देखिएन । अत : खर्च प्रकृयामा मितव्ययीता अपनाउनुपर्दछ साथै अनुमगन वापत प्रतिवेदन पेश गर्नुपर्ने रु.	८६६००
	नगरपालिका चालु	
६४.	**भरपाई नभएको** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम कार्यालयले बिल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले दक्षिणकाली तारजाली एण्ड मेटल वर्कसप प्रा.लि.बाट ग्याबिन बक्स तारजाली खरिद गरी भौचर न ११/ २०७६.५.१७ बाट प्रतीथान रु ३१९८ दरमा १३८ थान जाली को रु ४४१३२७ भुक्तानी भएको छ । वितरण जालिको उपभोग सम्वन्धमा अनुगमन गरी प्रयोगको सुनिश्चितता गर्नुपर्दछ ।	
६५.	**बढी तलब भुक्तानी** :- आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६ (८) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेखछ। प्रमुख प्रशासकिय अधिकृत श्री कृष्ण प्रसाद सापकोटाले सघिय सरकारले निर्धारणगरे अनुशार मासीक रु ४०३८०/-का दरले २०७६श्रावण देखी २०७७ बैशाक सम्म १० महिनाको रु ४०३८००। भुक्तानी लिनुपर्नेमा मासिक रु ४७३८० कादरले १० महिनाको रु ४७३८०० भौचर न १२-२०७६।५।१७ मा भुक्तानी लिएकोले बढी भुक्तानी भएको तलब रु. ७०००० असुल गरी दाखिला गर्नुपर्ने रु.	७००००
६६.	**कानून सल्लाहकार** :-बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलोसंशोधनसमेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन्।त्यसै गरी स्थानीय सरकार संचालन ऐन, २०७४कोदफा८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेखछ।तर-नगर प्रमुखको स्वकीय सचिवका रुपमा अधिकृत स्तरको तलब भत्ता भुक्तानी हुने गरी श्री धनप्रसाद शर्मालाई नियुक्त गरी मासिकरु ३२०००।-कादरलेरु ४१६०००।— र उप प्रमुख स्वकीय सचिवका रुपमा सहायक स्तरको तलब भत्ता भुक्तानी हुने गरी श्री कपील राज पुरीलाई नियुक्ती गरी मासीक रु १७००० का दरले रु २२१०००।— गरी जम्मा रु ६३७०००।-भुक्तानी भएको छ।	
६७.	**पदाधिकारी थप सुविधा**:– बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीयतहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलोसंशोधनसमेत) कोदफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ मा उल्लेख भएका सूविधा मात्र पाउने उल्लेख छ।साथै सोही ऐनको दफा १२ ले पदाधिकारी, सदस्य तथा सभाका सदस्यको लागि कुनै सुविधा निर्धारण गर्नु पर्दा यस ऐनमा तोकीएको सुविधालाई अधिकतम मानेर आफ्नो अधिकार क्षेत्र भित्र रहेर आर्थिक स्रोत तथा क्षमताका आधार मा निर्धारण गर्न सक्ने व्यवस्था गरेको छ।जसअनुसार पदाधिकारीहरुलाई पर्व खर्च वापतको रकम भुक्तानी दिन मिल्ने देखिदैन्।पालिकाले भौचर न ७१-२०७६।६।५ मा ५३ जना पदाधिकारीहरुलाई पर्व खर्च वापत भुक्तानी भएको १०,६०,०००।—असुल गर्नुपर्ने देखिएको रु.	१०६००००
६८.	**शिर्षक फरकपारी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सिमा र शिर्षक बाहिर खर्च गर्न नपाउने उल्लेख छ । नगरपालिकाले निम्नानुसार स्वीकृत बेगर शीर्षक फरक पारी खर्च गरी अनियमित भएको रु	४९५५११३

गो.भौ.न/मिति	शिर्षक	रकम	खर्चलेखेको
९०९।०७७।२।१०	भैपरीतथा अकस्मिक	१,००,०००।	खेलकु कार्यक्रम सम्मान पुरुस्कार
९८८-२०७७।३।८	महिला सशत्तीकरण	१९१५७०।	सडक सुरक्षाको लागी सी.सी.टी.बी जडान

१०३०-२०७७।३।१७	बिबिध	१४१३३४	बाटो मर्मत कार्य
१०५९-२०७७।३।२१	बिबिध	७२०००।	वडा को बैठक भत्ता
१०६१-२०७७।३।२१	बिबिध	१२६०००।	वडा को बैठक भत्ता
१११३-२०७७।३।२६	बिबिध	१०७०००	वडा को बैठक भत्तासञ्चार
१११४-२०७७।३।२६	बिबिध	१२१९९५।	वडा को बैठक भत्तासञ्चार
१११७-२०७७।३।२६	बिबिध	७२०००।	वडा को बैठक भत्तासञ्चार
११४५-२०७७।३।२९	अनुसन्धान अवलकन भ्रमण	२८७५८५।	फर्नीचर र कर्यालय सामाग्री
४०४-२०७६।८।३०	सेवा परामर्श	४९९४६०।	भिडियो डकुमेन्ट्री निर्माण
३९९-२०७६।८।३०	करार कर्चारी पारीश्रमीक	१५७८७००।	पदाधिकारी सुबिधा
४०१-२०७६।८।३०	स्थायी कर्चारी पारीश्रमीक	१७५०४६९।	पदाधिकारी सुबिधा
	जम्मा	**४९,५५,११३**	

तर कार्यालयले सभाको स्वीकृती विपरीत रु ४९,५५,११३। बार्षीक रुपमा एक शिर्षकमा विनियोजन गरेको रकम अर्को शिर्षकमा खर्च गरेको पाईयो । यसरी नियममा भएको ब्यवस्था बेगर सभाबाट कार्यक्रम संशोधन तथा परिवर्तन नगरी वितरणमुखी कार्यक्रममा हुने खर्चलाई नियन्त्रण गर्नु पर्दछ ।

६९. **कर्मचारीप्रोत्साहनभत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिमहुने, दफा८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थमन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनु पर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनु पर्ने व्यवस्था छ।स्थानीय तहले कानूनन बनाई यो बर्ष रु ७३२०९१५ कर्मचारीलाई प्रोत्साहन भत्ता खर्च लेखेको छ ।

७०. **वैदेशिकभ्रमण** - भ्रमण खर्चनियमावली, २०६४ को नियम३(५) अनुसार पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नु पर्दा नेपाल सरकार मन्त्रि परिषदले निर्णय गर्नु पर्दछ। कार्यपालिकाबाट मिति २०७६।४।१९ को निर्णयबाट भारतको माउन्ट आवु भ्रमण र २०७६।५।३० मा एक वर्षमा एक पटक प्रत्येक कर्मचारीलाई विदेश भ्रमण को खर्च दिने निर्णय भएको देखिन्छ । नगरपालिकाको आन्तरिक श्रोत लाई विचार गरी खर्चको मितव्ययीता र उपलव्धी लाई समेत मध्य नजर गरी निर्णय हुनुपर्ने देखिन्छ।नगरपालिकाले जनप्रतिनिधि र कर्मचारी गरी ११ जनाको क्यानडा,मेक्सिको,अमेरीकाको बिकास निर्माणको अवलोकन भ्रमणमा मिति २०६७।६।१ देखी २०७६।६।२८ जादाको प्लेन भाडा खर्च बापत रु.२७,०९,३६६ खर्च गरेको छ । वैदेशिक भ्रमाणमा खटाउदाँ नियम अनुसार नेपाल सरकारको स्वीकृत लिईएको देखिएन ।

७१. **सहयोग खर्च :-** स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । नगरपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.८,५०,०००। खर्च गरेको छ ।

भौना/मिति	**कार्यक्रम**	**रकम**
२५/२०७६/५/२४	तिज बिशेष कार्यक्रम वाड नं ३	१०००००।
३५२/२०७६/८/१५	कृष्ण जनमाष्टमी कार्यक्रम वाड नं १०	१५००००।

४४०/२०७६/९/२०	पचली भैरव पुर्ण जात्रा कार्यक्रम	२०००००।
७२०/२०७६/११/३०	तमु ल्होच्छार महोत्सब	४०००००।
	जम्मा	८५००००।

७२. **खेलकुद प्रतियोगिता :-** स्थानीय तह संचालन ऐन २०७४ अनुसार नगरपालिकाले दिर्धकालिन तथा प्रतिफलयुक्त योजना संचालन गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले निम्नअनुसार खेलकुद योजनामा खर्च गरेको छ ।

भौ.नं/मिति	कार्यक्रम	रकम
३३१/२०७६/८/२१	वाड नं १ खेलकुद कार्यक्रम सामाग्री खरीद	१२५०००।
३८०/२०७६/८/२५	वाड नं ७ प्रथम मेयरकप फुटबल प्रतियोगिता	६०००००।
६७२/२०७६/११/१८	वाड नं १ मेरकप कराते प्रतियोगिता	४०००००।
३४५/२०७६/८/१५	नेटबल प्रतियोगिता खेलकुद सामाग्री खरीद	१०२५११३।
	जम्मा	**२१५०११३।**

७३. **कार्यक्रम परिवर्तन :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सिमा,कार्यक्रम र शिर्षक बाहिर खर्च गर्न नपाउने उल्लेख छ ।न.पा.को बार्षिक स्वीकृत कार्यक्रम अनुशार दलित क्षमता अभिबृद्धि कार्यक्रममा रु १९८०००। बजेट विनियोजन भएको छ । तर कार्यालयले दलित तथा लक्षित बर्गको सहभागिता बिना अन्य नागरीकहरुको सहभागितामा नेतृत्व विकास तथा अन्तरक्रिया कार्यक्रम गरी भौचर नं. ३७४-२०७६।८।२३ मा रु १९८०००। खर्च गरेको देखीन्छ । त्यसैले कार्यालयले कार्यक्रम सञ्चालन गर्दा प्रचलित कानुनको पालना गर्दै सभाबाट स्वीकृत सिमा,कार्यक्रम र शिर्षक अनुशार दलित तथा सिमान्तकृत बर्गकै सहभागितामा उनिहरुकै आर्थिक, सामाजिक रुपान्तरण तथा नेतृत्व बिकास सम्बन्धी कार्यक्रमा खर्च गर्ने तर्फ बिशेष ध्यान दिनुपर्दछ ।

७४. **पारिश्रमिक कर :-** आय कर ऐन २०५८ को दफा८(१) मा प्राकृतिक व्यक्तिले वार्षिक आयमा नियमानुसार पारिश्रमिक कर तिर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले निम्नानुसार कर्मचारीलाई बार्षिक तलव भत्ता भुक्तानी गर्दा नियमानुसार कर कट्टि गरी भुक्तानी दिनुपर्नेमा १ % सामाजिक सुरक्षा कर मात्र कट्टी गरी भुक्तानी दिएको हुदा नियमानुसार करयोग्य आयमा छुट पाउने सिलिङ्ग घटाई बाँकी रकममा १० % का दरले कर कट्टी गरेको छैन । अतः कर असुल गरी दाखिला गर्नुपर्ने रु. १९७२६६

कर्मचारीकोनाम	करयोग्य आय	कर रकम	जम्मा कटि	बांकी
कृष्ण प्रसाद सापकोटा	७६२४८९	**५६९९७.८**	१०८२१.३३	४६१७६.४७
कृष्ण बहादुर कवर	७६८५९७	**५८२१९.४**	१२३२८.०९	४५८९१.३१
कपील प्रसाल पौडल	६०४९५९.६	**२५४९१.९२**	११८३१.६४	१३६६०.२८
सुर्यनाथ कोइराला	४९७६५०	**९२६५**	७०६८.५	२१९६.५
रमेश लुइटेल	७३२९१६.४	**५१५८१**	१२०८७.०४	३९४९३.९६
कन्चन खनाल	६०८६०९.६	**२६२२१.९२**	११२९७.७८	१४९२४.१४
मलिना शाक्य	६०९४७१.६	**२६३९४.३२**	८९२१.८८४	१७४७२.४४
राधा कृष्ण श्रेष्ठ	५०५२५८	**१००२५.८**	७१२६.१	२८९९.७
बासु प्रसाद न्यौपाने	५०५२५८	**१००२५.८**	७१२६.१	२८९९.७
नारायण शर्मा	५२२२९८	**११७२९.८**	७३५४.१	४३७५.७
सितादेबी सोती	५२२२९८	**११७२९.८**	७३५४.१	४३७५.७
गीता खनाल	५०५२५८	**१००२५.८**	७१२६.१	२८९९.७
जम्मा	**७१४५०६३**	**३०७७०८.३६**	**११०४४३**	**१९७२६६**

७५. **न्यायिक समिति भत्ताः-**आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६ (८) मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेखछ।नगरपालिकाको आ.व. ०७६/०७७ मा विभिन्न मितिमा बसेको न्यायिक समितिको भत्ता बापतको रकम न्यायिक

	समितिका पदाधिकारी बाहेक ४ जना कर्मचारीहरुले भौचर नं.९७६-२०७७।३।४ बाट रु ५३५१० भुक्तानी लिएको देखिन्छ।न्यायिक समितिको निर्वाचित पदाधिकारीले मात्र भत्ता प्राप्त गर्नेमा सो भन्दा बाहेका कर्मचारीलाई न्यायिक समिति भत्ता उपलव्ध गराउने कार्य मितव्ययी देखिएन ।	
७६.	**विल भरपाई :-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्य नियमावली २०७० को नियम ३९(१०) मा कार्यालय प्रमूखले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवस्यक विल भरपाई संलग्न भए/नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । सो व्यवस्था विपरित कार्यालयले निम्नानुसार भुक्तानीमा आवस्यक कागजात तथा विल भरपाई नपुग भएको तथा कुनै भुक्तानी विल भरपाई नै पेश भएको छैन । अतः आवस्यक विल भरपाई पेश गर्नुपर्ने रु.	
७७.	**बैठक भत्ता :-** अर्थमन्त्रालयको कार्य संचालन निर्देशिका २०७५ को बुदा नं ७.१.१ मा बैठक भत्ता प्राप्त गर्नको लागि बैठकको स्पष्ट विषयवस्तु वा कार्ययोजना हुनुपर्ने, कार्यालय समय भन्दा अघि वा पछि हुनुपर्ने, एकै निकाय वा अन्तर्गतका पदाधिकारी मात्र उपस्थिति रहेको बैठक हुननहुने, कानून अनुसार गठित समितिको बैठक तथा आमन्त्रित रुपमा सदस्य राख्न नहुने तर विशेषज्ञता आवस्यक पर्ने बैठकमा ३ जना सम्म आमन्त्रित भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा नं ७३(६) मा प्रमूख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवस्यक व्यवस्था मिलाउनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले माथि उल्लेखित निर्देशिका बमोजिम बाहेको बैठकहरुमा समेत स्थानीय सरकार संचालन ऐनको दफा बमोजिम बैठक भत्ता मितव्ययिता सम्वन्धि कुनै कानूनी व्यवस्था नगरी भत्ता वितरण गरेको हुदा यस प्रकारको बैटक भत्ता वितरण कार्यलाई नियमित मान्न सकिएन । आगामी दिनमा सो कार्यमा सुधार गर्नुपर्दछ ।	
	प्रकोष तथा कोरोना नियन्त्रण कोष तर्फ	
७८.	स्थानिय तहको आफ्नै बजेटबाट बिनियोजन रु ४ करोड ३२ लाख १४ हजार र प्रदेश सरकारबाट रु. १२ लाख र अन्य स्रोतबाट रु. ७ लाख ९६ हजार गरी जम्मा गरी रु. ४ करोड ५२ लाख ११ हजार प्राप्त भएकोमा निम्नानुसार रु २करोड ८२ लाख ८२ हजार खर्च भएको छ ।	

क सं	शिर्षक	रकम
१	राहत वितरण	१०९२७७५०
२	क्वारेन्टाईन होल्डिन सेन्टर निर्माण	३९८८३४
३	जनशक्ती परिचालन भत्ता	८४४९८०३
४	औषधी एंव उपकरण	५०५२५५३
५	अन्य	३४५३५९२
	जम्मा रकम	२८२८२५३२

७८.१.	**सोझै खरिद** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा लाई सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था गरेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४.१ सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलवन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसार खुल्ला दरभाउपत्र तथा सोझै खरिद विधि मार्फत औषधिजन्य सामान खरिद गरेको छ ।आगमी दिनमा खरिद प्रकृयामा सुधार गर्नुपर्दछ ।	

गो भौ नं र मिति	सामानको विवरण	आपूर्तिकर्ताको नाम	रकम
५/०७७.१.१६	औषधिजन्य सामाग्री	रेड्स हेल्थकेयर प्रा.लि.	८८२००
७/०७७.१.१६	औषधिजन्य सामाग्री	लुम्विनि हेल्थकेयर प्र लि	३७८५५०
१५/०७७.१.१७	औषधिजन्य सामाग्रि	शारदा डिजिटल प्रा लि	२२०५४८
१७/०७७.१.१७	औषधिजन्य समाग्री	आशतोष मल्टिप्र्पोज ट्रेड प्रा लि	४५२२५०
१९/०७७.१.१७	क्वारेनटाईन किचेनको लागि सामान खरिद	गंगा मल्टिप्रपोज फाउन्डेसन प्रा लि	७१७६०६
२१/०७७.१.१७	क्वारेन्टाईन सामान खरिद	सरस्वति प्रिन्टिङ्ग प्रेस	३६६०४७
	जम्मा		२२२३२०१

प्रधानमन्त्री रोजगार कार्यक्रम

७९. **प्रधानमन्त्री रोजगार कार्यक्रमः-** कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार स्थानिय तहमा सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एव सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले यस गाउँपालिकाभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत नगरपालिकाले गौरी गाउ नया ट्र्याक खोल्ने कार्यको लागि सुचिकृत ५३२ जना वेरोजगार जनशक्तिमध्ये २६ जनालाई रोजगारी उपलव्ध गराईरु ४८०००० खर्च लेखेको छ । जसको ९५ प्रतिशत भौतिक प्रगति भएको छ भने १०० वित्तिय प्रगति भएको छ । उक्त खर्चवाट लक्षित वर्गले अल्पकालिन रोजगारी सृजना भए तापनि उक्त खर्चवाट कामको दिगोपना तथा दिर्घकालिन रोजगारी सृर्जना भएको देखिंदैन । त्यसैले दिर्घकालिन रोजगारी श्रृजना हुने तथा दिगो आयोजना संचालन गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम

८०. **लक्ष्य प्रतगिः-** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार २परियोजना संचालन गर्न रु ४३३१०००० बजेट प्राप्त भएकोमा रु. ३२३९१९५८ खर्च भई १०० प्रतिशत भौतिक प्रगति भएको छ ।

आयोजनाको नाम	वडा नं	विनियोजित रकम	कार्यान्वयनप्रक्रिया		खर्च रकम	प्रगति	
			उपभोक्ता समिति	ठेक्का प्रक्रिया		भौतिक	वित्तिय
बाखा पालन केन्द्र देखी वालविकाष स्कुल जाने सडक ढलान	१	१०००००	उपभोक्तास मिति		१०८७८७४	१००.	१००.
पचलीभैरव मार्ग सडक स्तरोउन्ती	१	१५०००००	उपभोक्तास मिति		१६३३२९८	१००.	१००.
नागार्जुन शिवपुरी पचलीभैरव प्रवेश स्वागतद्वार निर्माण	१	१००००००	उपभोक्तास मिति		७५८०६९	७०.२	७०.२
शान्ति टोल उपभोक्ता समिति संघिय	२	२५०००००	उपभोक्तास मिति		२४६५२०५	९१.०३	९१.०३
इचंगुनारायण मन्दिरदेखि हल्चोक मन्दिरहुदैं वडा कार्यालय सिमाना	३	३२५००००	उपभोक्तास मिति		३५१४२९९	१००.	१००.
शरणपुरचोक बाट देवस्थान जाने सडक स्तरोन्नती	४	२००००००	उपभोक्तास मिति		२१७४५३९	१००.	१००.
मिलनटोल सडक	४	१००००००	उपभोक्तास		१०२८१६९	९५.०९	९५.०९

स्तरोउज्नती एंव ढल निर्माण			मिति				
भैरवटोल खानेपानी आयोजना	४	१९०००००	उपभोक्तास मिति		२०४०३९९	९९.४५	९९.४५
पद्या कोलोनी पार्क निर्माण	५	१००००००	उपभोक्तास मिति		१०५९२१०	९५.६१	९५.६१
इचाटोल सामुदायिक भवन निर्माण	६	१५०००००	उपभोक्तास मिति		१६०१६१९	९८.८२	९८.८२
विमिरेपानीघाट क्ल्लावारी खानेपानी उ.स खानेपानी योजना	६	१००००००	उपभोक्तास मिति		१९८७१९६	९६.९५	९६.९५
टौखेल खानेपानी आयोजना	६	१००००००	उपभोक्तास मिति		१०८५१८८	१००.	१००.
पाखुरे चौतारो निर्माण	८	१००००००	उपभोक्तास मिति		१०८२०२६	१००.	१००.
थाप्ले खानेपानी आयोजना	८	१०६००००	उपभोक्तास मिति		९८६०२४	९७.२	९७.२
राजकुलो मार्ग स्तरोन्नती	१०	१००००००	उपभोक्तास मिति		१००४४२०	९३.१६	९३.१६
हरिसिद्धि मन्दिर पाटी निर्माण	५	२००००००				०	०
खोपा टोल सडक स्तरउननती वडा नं. ४	४	१५०००००				०	०
Icchangunarayna Mandir Halchowk Road construction Works	३	९००००००		ठेक्का प्रक्रिया	९१४४२४	१६.२७	१६.२७
Subhakamana Tole Hume Pipe and road upgrading Works	४	५००००००		ठेक्का प्रक्रिया	३४९७०४४	९२.९३	९२.९३
Setoghar Chauradhara Road Upgrading Works	८	५००००००		ठेक्का प्रक्रिया	४४७२९५५	९६.४७	९६.४७
	जम्माः	४३३१००० ०			३२३९१९५८		

८०.१. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ को बुदा नं. ६(घ) निर्देशक समितिले छनौट गरेका आयोजना स्वीकृतीका लागि स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहको स्वीकृती पश्यात योजना संचालन गर्नुपर्न व्यवस्था रहेता पनि यस कार्यक्रम अन्तर्गत निर्देशक समितिले सोझै योजना पठाएको देखिन्छ ।जसले स्थानीय आवस्यकताको सम्वोधन नहुनसक्ने भएकाले नगरपालिकाले यस्ता आयोजना संचालन गर्दा नियमानुसार प्रकृया अवलम्वन गरि प्रभावकारी योजना छनौट हुने पद्धतिमा ध्यान दिनुपर्दछ ।

प्रदेश पूर्वाधार साझेदारी कार्यक्रम

८१. **लक्ष्य प्रतगि:-**प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ बमोजिम कार्यान्वयन हुने प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार परियोजना संचालन गर्न रु.५६४१०००० बजेट प्राप्त भएकोमा रु.४०१६४८३८ खर्च भई प्रतिशत वित्तिय प्रगति भएको छ । यस सम्वन्धमा निम्नानुसार व्यहोरा देखियो।

आयोजनाकोनाम	वडा नं	विनियोजित रकम	ल.ई	कार्यान्वयनप्रक्रिया		खर्च रकम	प्रगति	
				उपभोक्ता समिति	ठेक्का प्रक्रिया		भौतिक	वित्तिय
गौरी टोल बाटो ढलान तथा रिटेनिङ वाल निर्माण गर्ने नगरसतिरय	१	१००००००	१४०८३४०	उपभोक्ता समिति		१३६८२०८	९७.१५	९७.१५
सानोभर्याङ तिनघरे मार्ग स्तरोउन्नती	२	८०००००	८६८१३७	उपभोक्ता समिति		८६८३१२	१००.	१००.
सानोभर्याङ सिलण्डोल खानेपानी आयोजना वडा नं २	२	३००००००	३२५९६२०	उपभोक्ता समिति		३१७६८६३	९७.४६	९७.४६
प्रदेश पुर्वाधार विकास योजना अन्तर्गत योजना पाचधारा खानेपानी डिपबोरिङ	३	१३८००००	१४९९८८७	उपभोक्ता समिति		११५७८९३	७७.२	७७.२
रानीपाटी संरक्षण तथा निर्माण	४	१००००००	१०९३७२४	उपभोक्ता समिति		१०९४७३१	१००.	१००.
बसेल टोल देखी टावर चोक निस्कने सडक कालो पत्रे	५	१८०००००	१९६५१३७	उपभोक्ता समिति		१९५५११०	९९.४९	९९.४९
आदेश्वर पार्क संरक्षण तथा सुधार	५	५००००००	४८५९५३९।०३	उपभोक्ता समिति		३६३७१४२।८६	७४.८४	७४.८४
सिद्धेश्वर सामुदायिक भवन निर्माण	६	१००००००	१०८२३१०	उपभोक्ता समिति		६८८४४३	६३.६१	६३.६१
बैरेनी टोल खानेपानी व्यबस्थापन तथा विस्तार	७	२५०००००	२६९४६८८	उपभोक्ता समिति		१९६३६३४	७२.८७	७२.८७
थाप्ले खानेपानी टाङकी निर्माण	८	१५८००००	२८४६८९०	उपभोक्ता समिति		२७६७१४२	९७.२	९७.२
घट्टेखोला भिरकोट थाप्ले बाटो सिर्माण वडा नं८	८	३००००००	३२३४२२६	उपभोक्ता समिति		२९७५२७१	९१.९९	९१.९९
भिमढुङा बृहत खानेपानी आयोजना क्रमागत	८	५००००००	४९९९५८१	उपभोक्ता समिति		३०९३०२१	६१.८७	६१.८७
केन्द्र बहादुरको घरदेखी पञ्चकन्या जाने सडक स्तरोन्नती	९	१५०००००	१४५५०००	उपभोक्ता समिति		१६२७५३६	१००.	१००.
मदनभण्डरी इण्डोर खेलकुद भवन निर्माण क्रमागत	७	१९०००००		उपभोक्ता समिति		०	०	०
इचंगुनारायण बचत तथा ऋण सामुदायिक कृषि वजार भवन निर्माण	३	९५००००		उपभोक्ता समिति		०	०	०
Bhakrapalan Kendra-Balbikash School Road Upgrading Works	१	५००००००			ठेक्का प्रक्रिया	३००५५२६	८५.७२	८५.७२
Saranpur Road Upgrading Works.	४	५००००००			ठेक्का प्रक्रिया	४२४३४७१	९९.९७	९९.९७
Sanobharyang-Tinghare Marga Road Upgrading Works.	२	५००००००			ठेक्का प्रक्रिया	४०२९६३८	९९.६७	९९.६७
Icchangunaryan Samudayik Krishi Bhawan Nirman	३	५००००००			ठेक्का प्रक्रिया	३०५४०३९	७९.०२	७९.०२
Samudayik Bhawan Nirman Nagarjun 7.	७	५००००००			ठेक्का प्रक्रिया	३०९६०००	६१.९२	६१.९२
	जम्मा:	५६४१००००	२६४०७५४०			४०१६४८३८		

८१.१. **धरौटी कट्टा नभएको :-** कार्यालयलेसानो भर्याङ्ग तिनघरे मार्ग सडक स्तरोउन्नती कार्यको निर्माण वापतको पि सि विल्डर्स एण्ड सप्लायर्सलाई भ्याद बाहेक गो भौ नं ५ र ८ बाट रु.३५७२६५८.९३ भुक्तानी हुदा नियमानुसार धरौटी नभएको हुदा धरौटी कट्टी नभएको रु. १७८६६३

८१.२. भिमसेनस्थान बृहत खानेपानी योजनाको कार्यसम्पन्न प्रतिवेदनको आधारमा रु. ३०९३०२१.७५ को पहिलो रनिङ्ग विल बापतको रु. २७४६५०० भुक्तानी हुदा अग्रिम कर बापत रु. १५८८० र पारिश्रमिक ज्याला बापतको सा सू कर कट्टी बापत रु. १९०६७ गरी कुल ३४९४७ कट्टी नगरी भुक्तानी भएको हुदा असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु. ३४९४७

८१.३. सानो भर्याङ्ग तिनघरे मार्ग स्तरोउन्नती सम्पन्न गरे वापत सिलण्डोल टोल उपभोक्ता समितिले पेश गरेको ओम बुद्ध इन्जिनियरिङ्ग प्रा लि लाई रु ४२०१७४, पि पि आर सप्लायर्सको रु ३३०८६४ को भुक्तानी मा अग्रिम कर कट्टी वापत रु. ९९६९ र पारिश्रमिक ज्याला वापत रु १४१६०० को सा.सु कर वातप रु १४१६ गरी कुल ११३८५ कट्टि गर्नुपर्नमा रु ५१८७ ६१९८

	मात्र कट्टी गरी गो भौ नं १६/०७७.३.२९ बाट भुक्तानी दिएको छ । अतः कम कट्टी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.	
८१.४.	पाँचधारा पूरानो डिप वोरिङ्ग भवन निर्माण कार्यको लागी रु.११५७८९३ सम्झौता भई कार्यालयले रु.१०३६३१४ र उपभोक्ता समिति ले जनश्रमदान बापत रु.१२४७७३ अर्थात (१०.५ प्रतिशत अंश) व्यहोर्ने गरी सम्झौता भएकोमा गो भौ नं २४/०७७.३.३१ बाट रु.१०४२१०३ भुक्तानी हुदा उपभोक्ता समितिको अंश कट्टा गरी कार्यालयले रु.१०३३४२० भुक्तानी दिनुपर्नेमा रु.१०४२१०३ भुक्तानी दिई रु ८६८३ बढी भुक्तानी भएको हुदा बढी भुक्तानी भएको रु.	८६८३
८२.	**अनुगमन** :-प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ अनुसार अनुदानबाट संचालन हुने योजनामा उक्त योजना समापन पश्यात अनुगमन गरी त्यसको प्रभाकारिता सम्वन्धि अध्यनन गरी प्रभाव समेत उल्लेख गरी अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था गरेको छ । तर नगरपालिकाले यस वर्ष अनुदानमा संचालित विभिन्न कार्यक्रम संचालन गरेको छ । यस प्रकारका अनुदानका कार्य विगत वर्ष पनि प्रदान गरिदै आएको अवस्थामा सो कार्यक्रम कति प्रभावकारी भयो सो समवन्धी अनुगमन गरी बास्तविक प्रतिवेदन पेश गर्नुपर्दछ । साथै सालवसाली रुपमा अनुदान अभिलेख अध्धावधिक गरी दोहोरो अनुदान बितरण हुनबाट रोक्नुपर्दछ।	
	सामाजिक सुरक्षा तर्फ	
८३.	**सामाजिक सुरक्षातर्फः-**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा भत्ता वितरण लगायत यस सँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ।यस वर्ष गाउँपालिकाले ५ वडाको सामाजिक सुरक्षा भत्ता वितरणका लागि रु. ८१५९९२०० निकासा प्राप्त गरेकोमा रु.७३३९९००० को भत्ता वितरण गरी बाँकी रु. ८४१७४०० संघिय कोषमा फिर्ता गरेको छ । सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:-	
८३.१.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ।अत लाभग्राहीको विवरण अध्यावधिक गर्नुपर्दछ ।	
८४.	**डी पी आर खर्च** —बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहलेगत विगत वर्षमा स्वीकृत बार्षिक कार्यक्रम अनुसार विभिन्न निर्माण कार्य डि पि आर विभिन्न परामर्शदाताबाट गराई कार्यालयमा पेश गरेको विगत बर्षको प्रतिवेदनबाट देखिन्छ । यसरी तयार गरिएको प्रतिवेदनको जिन्सी आम्दानी बाँधि जिन्सी दाखिला गर्नुपर्दछ । साथै उक्त निर्माण कार्यको डि पि आर लाई नगरपालिकाले प्राथामिकता निर्धारण गरि कार्यान्वयनमा ल्याउनुपर्दछ ।	
८५.	**पेश्की बाँकीः** आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम ७३(३) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा कुल पेश्की रु ६२७९४४६ रहेकोमा निम्मानुसार म्याद ननाघेको रु २१०००००.०० रु म्याद नाघेको रु ४१७९४४६ रहेको छ । म्याद नाघेको पेश्की रु.	४१७९४४६

सि.नं.	पेश्की लिने ब्यक्ती,फर्म वा कम्पनीको नाम	फछ्यौंटको अन्तिमम्याद	चालु वर्षको पेश्की	
			म्याद नाघेको	म्याद ननाघेको
१	हिराविल्डर्स एण्ड सप्लायर्स	१०/२७/२०७६	२४१२४२	०
२	दोलखाभिमेश्वर कन्स्ट्रक्सन	११/०८/२०७६	१००९८२७	०
३	फ्यूचरल्याण्ड कन्स्ट्रकसन	१२/२३/२०७६	३४७५००	०
४	डि.के.। बि. एस. विल्डर्स जे. भी.	०४/०८/२०७७	०	१००००००
५	नेपालविद्युत प्राधिकरण	१२/०५/२०७६	१००००००	०
६	नेपालविद्युत प्राधिकरण	१२/१९/२०७६	३०००००	०
७	नेपालविद्युत प्राधिकरण	०२/२८/२०७७	१२५६४२७	०
९	रामेश्वरबुढाथोकी	०७/१४/२०७६	१७५०००	०
१०	विश्वकरलामा	१२/२५/२०७६	२४९४५०	०
११	रामचन्द्रलामा	०२/०४/२०७७	-४०००००	०
१२	सुर्यनाथकोइराला	०४/०८/२०७७	०	५०,०००
१३	सुर्यनाथकोइराला	०४/०८/२०७७	०	१०००००
१४	सुर्यनाथकोइराला	०४/०८/२०७७	०	५०,०००
१५	रामचन्द्रलामा	०४/१९/२०७७	०	४०००००
१६	अनुषासिग्देल	०४/२५/२०७७	०	५०००००
	कुलजम्मा		४१७९४४६	२१००००००

८६. **बेरुजु तथा सम्परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ।सोही ऐनको दफा८४(२)(घ) बमोजिम वेरुजू फछ्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था गरेकोछ।नगरपालिकाले गत वर्षसम्मको बेरुजूको अद्यावधिक स्थिति सम्बन्धी विवरण उपलब्ध गराएको छैन।बेरुजुको विवरण अद्यावधिक गरी नियमानुसा र बेरुजु फछ्यौट गर्नु पर्दछ।अद्यावधिक वेरुजुको विवरण पेश नगरेता पनि कार्यालयले गत वर्षसम्मको बेरुजूमध्ये निम्नानुसार **रु.४१९६७५** फछ्यौट गरी लेखा परीक्षण डोरमा सम्परीक्षणको लागि अनुरोध गरेकोमा सम्परीक्षण भएको छ।

आ.ब.	दफा	बेरुजूको संक्षिप्त ब्यहोरा	रकम	सम्परीक्षणको आधार	सं.प.को लागि पेश भएको रकम	सं.प.भएको रकम
०७५/७६	७५	विभिन्न कार्यालय सामग्रीको जिन्सी दाखिला नभएको	३७७४७५	जिन्सी दाखिला भएको प्रमाण पेश गरी सं.प.लाई अनुरोध भएको ।	३७७४७५	३७७४७५
०७५/७६	७६	क्षयरोग विरामीको पोषण कार्यक्रमको भरपाई तथा ढुवानीमा प्रयोग भएको गाडीको भरपाई नभएको ।	११६००	भरपाई पेश गरी सं.प.लाई अनुरोध भएको ।	११६००	११६००
०७५/७६	८७	डट्स विरामीलाई औषधि सेवन बापतको अनुगमन खर्च सम्बन्धी प्रमाण पेश नभएको ।	३०६००	अनुगमन सम्बन्धी प्रमाण पेश भएको ।	३०६००	३०६०००
		जम्मा:	४१९६७५		४१९६७५	४१९६७५

८७. **अनुगमनः** गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिलभरपाई, स्रेस्ता पेस नभएको, बैङ्कसमायोजन, अग्रिमकर, बढी भुक्तानी, कर वीजक लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन। बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्ने देखिन्छ।

अनुसुचि १

पालिकाको संचित कोषको विवरण

२०७६।०७७

प्रदेशः बागमती

(रु हजारमा)

क्र. सं.	स्थानीयतह	जिल्ला	आय					जम्मा आय					मौज्दात
			गतवर्षकोजिम्मेवारी	संघ तथा प्रदेशअनुदान	राजस्व वाडफाड	आन्तरीक आय	अन्यआय		चालुखर्च	पूँजीगतखर्च	अन्यखर्च	जम्माखर्च	
			१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१.	नागार्जुन	काठमाण्डौ	१५७३३४	४१८१३८	२९३१५९	३९०७६	२१५३६२	९६५७३५	३६७२०३	४००१२८	१९३४३०	९६०७६१	१६२३०८

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसुचि २

२०७६।७७

(रु हजारमा)

सि.नं.	जिल्ला	स्थानिय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौ)ट			बाङकी बेरुजू			वांकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगति		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमितभएको	प्रमाणकागजातपेशनभएको	राजस्वलगत जिम्मेवारीन सारेको	सोधभनांन लिएको	जम्मा	कमंचारी	अन्य	जम्मा
१	काठमाण्डौ	नागार्जुन न पा	९१	४४	३६०१५	०	७	६७०८	९१	३७	२९३०७	२१८८	१५६९१	७२४९	०	०	२२९४०	४२५	३७५४	४१७९

बेरुजुको अध्यावधिक अवस्था

अनुसुचि ३

२०७६।०७७

(रु हजारमा)

क्र स	स्थानिय तह	जिल्ला	गत बर्ष सम्मकोबाँकी	समायोजन	सं प को अनुरोधभएको रकम	सम्परीक्षण भएकोरकम	कारवाही गर्नबाँकी रकम	गत वर्षसम्मको बाँकी	यो बर्षको थप	५८ औ प्रतिवेदनसम्मको बाँकी	५८ औ प्रतिवेदनसम्मको बाँकी मध्ये पेश्की
१	नागार्जुन	काठमाण्डौ	१८८८०४	०	४२०	४२०	०	१८८३८४	३१२५९	२१९६४३	९४९७